# लेखापरीक्षण प्रतिवेदन

# कालिन्चोक गाउँपालिका, दोलखा

आर्थिक वर्ष २०८१/८२



## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# कालिन्चोक गाउँपालिका, दोलखा

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/114

मिति : २०८३-१-३०

श्रीमान् अध्यक्षज्यू,

कालिन्चोक गाँउपालिका,

गाँउकार्यपालिकाको कार्यालय, दोलखा।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( घनश्याम काफ्ले )
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०

च.न :APPROVED/FAR/2081-82/LOC/114

श्रीमान् अध्यक्षज्यू,

कालिन्चोक गाँउपालिका, गाँउपालिकाको कार्यालय,

दोलखा।

## विषयः लेखापरीक्षण प्रतिवेदन।

### १. कैफियत सहितको रायः

हामीले त्यस गाँउपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

### २. कैफियत सहितको राय व्यक्त गर्ने आधारः

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. पालिकाको यस आ.व.को रु १ अर्ब ४४ करोड ३० लाख २१ हजारको लेखापरीक्षणबाट रु. १ करोड ७० लाख ६१ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.७७ लाख ९३ हजार फस्यौंट भई असुल गर्नुपर्ने रु २० लाख ५६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३८ लाख ४४ हजार, नियमित गर्नुपर्ने रु.२१ लाख र पेश्की बाँकी रु.१२ लाख ६८ हजार गरी जम्मा रु. ९२ लाख ६८ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. २३ करोड ४६ लाख ३१ हजार मध्ये रु. ७ करोड ८६ लाख ८० हजार सम्परीक्षण भई यसवर्षको रु ९२ लाख ६८ हजार थपसमेत हालसम्म अद्यावधिक बेरुजु रु. १६ करोड ५२ लाख १९ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाँउपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

### ३. अन्य बेहोराः

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

### ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारीः

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाँउकार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाँउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ७६ | १७६ | १,७०,६१,२४४ | ० | ५४ | ७७,९३,४१५ | ० | ७६ | १२२ | ९२,६७,८२९ | २०,५५,६७७ | २०,९९,७२३ | ३८,४४,४२९ | ० | ० | ५९,४४,१५२ | १२,६८,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दोलखा | २३,४६,३१,००० | ० | ७,८६,८०,४०३.३५ | १५,५९,५०,५९६.६५ | ० | ९२,६७,८२९ | १६,५२,१८,४२५.६५ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| प्रारम्भिक प्रतिवेदन उपरको प्रतिक्रियाबाट सम्परीक्षण भएको | | | | |
| १ | २०८१/८२ | ४७ | शिक्षक तलब बढि निकासा | ३,९६७ |
| २ | २०८१/८२ | ८८ | लगत कट्टा भएका लाभग्राहिको नाममा निकासा | ९०,१३० |
| ३ | २०८१/८२ | ८० | राष्ट्रपति रनिङ्गशिल्ड कार्यक्रम | १,२९,४९० |
| ४ | २०८१/८२ | ४१ | पेश्की बाँकीको विवरण | ५६,१५,६६६ |
| ५ | २०८१/८२ | ८३.१ | निःशुल्क पाठ्यपुस्तक अनुदान | ६१,२१५ |
| ६ | २०८१/८२ | ४० | धरौटी फिर्ता सम्बन्धमा | ९,००,४७२ |
| ७ | २०८१/८२ | ८५ | दोहोरो भुक्तानी | ४८,००० |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०८१/८२ | ९० | त्रीपाल वितरण | ६,८६,४७५ |
| ९ | २०८१/८२ | ८४ | छात्रवृत्ति वितरण | २,५८,००० |
| | | | जम्मा | ७७,९३,४१५ |
| गत विगत आर्थिक वर्षहरूको सम्परीक्षण | | | | |
| १० | २०८०/८१ | १९ | हाट वजार सञ्चालन | ३,००,००० |
| ११ | २०८०/८१ | २६.८ र २६.९ | शिक्षा तर्फ | १,०५,९२,८७८ |
| १२ | २०८०/८१ | ११.२ | आन्तरिक आम्दानी विविध | ११,७२८ |
| १३ | २०८०/८१ | ३८ | अन्य निकाय खर्च- | १,४३,२०० |
| १४ | २०७९/८० | १२४ | समानीकरण अनुदानबाट दरबन्दी बाहिरका शिक्षकको पारिश्रमिक | ८,०२,५०० |
| १५ | २०७९/८० | १०६ | भ्रमण खर्च बढी भुक्तानी | १८,७०० |
| १६ | २०७९/८० | ७३ | गत वर्षको भुक्तानी | २,२९,८४८ |
| १७ | २०७८/७९ | ३८ | महंगि भत्ता भुक्तानी | १९,६८,००० |
| १८ | २०७८/७९ | २५ | कार्यालयको काम उपभोक्ता समितिबाट | ७९,१३,८५० |
| १९ | २०७८/७९ | ४१ | करारमा पदपुर्ती | ७०,७७,९८० |
| २० | २०७८/७९ | २६ | उपभोक्ता समितिबाट खरिद | ७,५६,८५३ |
| २१ | २०७६/७७ | ५७ | सोझै खरिद | १४,८८,५४९ |
| २२ | २०७५/७६ | ७.४.१ | सवारी साधन खरिद | ९४१००० |
| २३ | २०७५/७६ | ८.१ | वितरणमुखी खर्च | २२०६२५० |
| २४ | २०७५/७६ | ८.४ | पूँजीगत शीर्षकबाट चालु र वितरणमूखी खर्च | १५८०२५० |
| २५ | २०७५/७६ | १८.२ | बैठक भत्ता | १०७७००० |
| २६ | २०७५/७६ | १८.१४ | अन्य कार्यालयको खर्च | ११५५२९ |
| २७ | २०७५/७६ | १८.२२ | अधिल्लो आर्थिक वर्षको भ्रमण खर्च | १२००० |
| २८ | २०७५/७६ | २०.३.२ | लागत अनुमान संसोधन नगरेको | ३२९१३२ |
| २९ | २०७४/७५ | २२ | अन्य व्यक्ति/संस्था वा समूहको भुक्तानी | २४९५४८३ |
| ३० | २०७४/७५ | २८ | कार्यक्रमको उद्देश्य प्रतिकुल खर्च | ३००००० |
| ३१ | २०७४/७५ | ३० | परामर्श सेवाको लागत अनुमान | १४८३३६८ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३२ | २०७४/७५ | ३३.१ | विना प्रतिस्पर्धा खरिद | १८०५६९८.५० |
| ३३ | २०७४/७५ | ३३.२ | विना प्रतिस्पर्धा खरिद | २०५९३५६.८५ |
| ३४ | २०७४/७५ | ३८.२ | भ्रमण अभिलेख एंव प्रतिवेदन | ३६८१०० |
| ३५ | २०७४/७५ | ३८.३ | भ्रमण अभिलेख एंव प्रतिवेदन | ११६६५० |
| ३६ | २०७४/७५ | ३९.१ | गाडी भाडा सम्बन्धमा | २७५१५०० |
| ३७ | २०७४/७५ | ५२.५ | पेश्की | २९६७२००० |
| | | | जम्मा | ७,८६,८०,४०३.३५ |
| | | | जम्मा | ८,६४,७३,८१८.३५ |

# कालिन्चोक गाउँपालिका, दोलखा

# (८०३२३५०१३००)

# कालिन्चोक गाउँपालिका , दोलखा

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस कालिन्चोक गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस कालिन्चोक गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ९ वडा, ४७ सभा सदस्य, १३२.४९ वर्ग किलोमिटर क्षेत्रफल तथा २२,९५४ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।१२ देखि २०८२।५।१६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका बेहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका बेहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका बेहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्ययतर्फ रु.१ अर्ब ४४ करोड ३० लाख २१ हजार २८९.९७ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.३,०१,८४६ असुल भई सम्बन्धित राजश्व खातामा दाखिला प्रमाण पेश भएको छ ।

| भौनं | मिति | दाखिला गरेको बैंक | वापत | रकम |
|---|---|---|---|---|
| १३६६९९ | २०८२।५।३१ | नेपाल बैंक लिमिटेड आन्तरिक वेरुजु खाता | बढी दरको बैठक भत्ता | ४२५ |
| १३६६६४ | २०८२।५।३१ | नेपाल बैंक लिमिटेड आन्तरिक वेरुजु खाता | बैठक तथा अनुगमन भत्ता | ३८२५ |
| १३६६८७ | २०८२।५।३१ | नेपाल बैंक लिमिटेड आन्तरिक वेरुजु खाता | बैठक तथा अनुगमन भत्ता | ९९०० |
| १३६६८० | २०८२।५।३१ | नेपाल बैंक लिमिटेड आन्तरिक वेरुजु खाता | बैठक भत्ता | ३२५० |
| १३६६६६ | २०८२।५।३१ | नेपाल बैंक लिमिटेड आन्तरिक वेरुजु खाता | बैठक भत्ता तथा अन्य | ५१०० |
| १३६६८८ | २०८२।५।३१ | नेपाल बैंक लिमिटेड आन्तरिक वेरुजु खाता | बढी दरको बैठक भत्ता | ४२५ |
| १३५३०१ | २०८२।५।३१ | नेपाल बैंक लिमिटेड आन्तरिक वेरुजु खाता | बैठक भत्ता तथा अन्य | १०००० |
| १३६६५६ | २०८२।५।३० | नेपाल बैंक लिमिटेड आन्तरिक वेरुजु खाता | बैठक भत्ता तथा अन्य | ४२५० |
| १३६६५२ | २०८२।५।३० | नेपाल बैंक लिमिटेड आन्तरिक वेरुजु खाता | बैठक भत्ता तथा अन्य | ४८०० |
| १३६६५३ | २०८२।५।३० | नेपाल बैंक लिमिटेड आन्तरिक वेरुजु खाता | बैठक भत्ता तथा अन्य | १२३०० |
| १३६६७० | २०८२।५।३१ | नेपाल बैंक लिमिटेड आन्तरिक वेरुजु खाता | बैठक भत्ता तथा अन्य | ५२०० |
| १३६६६८ | २०८२।५।३१ | नेपाल बैंक लिमिटेड आन्तरिक वेरुजु खाता | बैठक भत्ता तथा अन्य | ८१०० |
| १३६६८३ | २०८२।५।३१ | नेपाल बैंक लिमिटेड आन्तरिक वेरुजु खाता | बैठक भत्ता तथा अन्य | ४६२५ |
| १३६६७६ | २०८२।५।३१ | नेपाल बैंक लिमिटेड आन्तरिक वेरुजु खाता | बैठक भत्ता तथा अन्य | ८७०० |
| १३६६५७ | २०८२।५।३१ | नेपाल बैंक लिमिटेड आन्तरिक वेरुजु खाता | बैठक भत्ता तथा अन्य | ५१०० |
| १३६६९८ | २०८२।५।३१ | नेपाल बैंक लिमिटेड आन्तरिक वेरुजु खाता | बैठक भत्ता | १७०० |
| १३६६८६ | २०८२।५।३१ | नेपाल बैंक लिमिटेड आन्तरिक वेरुजु खाता | बैठक भत्ता तथा अन्य | ५१०० |
| १३६६६३ | २०८२।५।३१ | नेपाल बैंक लिमिटेड आन्तरिक वेरुजु खाता | बैठक भत्ता तथा अन्य | ४८०० |
| १३६६९४ | २०८२।५।३१ | नेपाल बैंक लिमिटेड आन्तरिक वेरुजु खाता | बैठक भत्ता | २५५० |
| १३६६९५ | २०८२।५।३१ | नेपाल बैंक लिमिटेड आन्तरिक वेरुजु खाता | बैठक भत्ता तथा अन्य | ४८०० |
| १३६६८४ | २०८२।५।३१ | नेपाल बैंक लिमिटेड आन्तरिक वेरुजु खाता | बैठक भत्ता तथा अन्य | ५१०० |
| १३६६५४ | २०८२।५।३१ | नेपाल बैंक लिमिटेड आन्तरिक वेरुजु खाता | बैठक भत्ता तथा अन्य | ८५०० |
| १३६६७५ | २०८२।५।३१ | नेपाल बैंक लिमिटेड आन्तरिक वेरुजु खाता | बैठक भत्ता तथा अन्य | ८६५० |
| १३६६७२ | २०८२।५।३१ | नेपाल बैंक लिमिटेड आन्तरिक वेरुजु खाता | बैठक भत्ता तथा अन्य | १०६७५ |
| १३६६९६ | २०८२।५।३१ | नेपाल बैंक लिमिटेड आन्तरिक वेरुजु खाता | बैठक भत्ता तथा अन्य | ९२०० |

| | | | | |
|---|---|---|---|---|
| १३६६६१ | २०८२।५।३१ | नेपाल बैंक लिमिटेड आन्तरिक वेरुजु खाता | बैठक भत्ता | ३८२५ |
| १३६६६९ | २०८२।५।३१ | नेपाल बैंक लिमिटेड आन्तरिक वेरुजु खाता | बैठक भत्ता तथा अन्य | १०२०० |
| १३६६६७ | २०८२।५।३१ | नेपाल बैंक लिमिटेड आन्तरिक वेरुजु खाता | बैठक भत्ता तथा अन्य | ४२५० |
| १३६६९७ | २०८२।५।३१ | नेपाल बैंक लिमिटेड आन्तरिक वेरुजु खाता | बैठक भत्ता तथा अन्य | ७५०० |
| ३३२२० | २०८२।५।३० | नेपाल बैंक लिमिटेड आन्तरिक वेरुजु खाता | बढी भुक्तानी | २००० |
| ३३२१९ | २०८२।५।३० | नेपाल बैंक लिमिटेड आन्तरिक वेरुजु खाता | बैठक भत्ता | ३८२५ |
| ८७६४६६२ | २०८२।५।३१ | नेपाल बैंक लिमिटेड संघिय वेरुजु खाता | तलब बढी निकासा | ३६५५१ |
| ८७२१७८९ | २०८२।५।३१ | नेपाल बैंक लिमिटेड संघिय वेरुजु खाता | पाठ्यपुस्तक वापतको रकम बढी निकासा | २४५५ |
| ८७२१७९१ | २०८२।५।३१ | नेपाल बैंक लिमिटेड संघिय वेरुजु खाता | पाठ्यपुस्तक वापतको रकम बढी निकासा | ३३४५ |
| ८७२१७९४ | २०८२।६।२ | नेपाल बैंक लिमिटेड संघिय वेरुजु खाता | तलब बढी निकासा | १३६७० |
| १३५३२८ | २०८२।६।१० | नेपाल बैंक लि आन्तरीक बेरुजू खाता | भत्ता | ४२५० |
| १३५०५३ | २०८२।५।२७ | नेपाल बैंक लिमिटेड आन्तरिक वेरुजु खाता | निर्माण व्यवसायी बढी भुक्तानी | ६२९०० |
| जम्मा | | | | ३०१८४६ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आर्थिक विवरणको विश्लेषण**

**वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७९।०८।२० मा नेपाल सरकार मन्त्रिपरिषदबाट जारी भएको सार्वजनिक क्षेत्र लेखामान (NAPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छः

२.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय संचीत कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनूसूचिमा संलग्न गरिएको छ ।

कालिञ्चोक गाउँपालिका

आर्थिक वर्ष २०८१/८२

आर्थिक कारोबारको एकीकृत विवरण

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| विवरण | | रकम | विवरण | | रकम |
| सुरु मौज्दात | | ८०६९६३८९.०४ | चालु खर्च | | ३६४५४२६८७ |
| १.संचित कोष | ५२६४६९२७ | | पुंजीगत खर्च | | १४९६९८४३६.०० |
| २.धरौटी | १५८९५२२२.४५ | | अन्तर सरकारी अख्तियारी (संघ) | | १४९०१७१८२.७२ |
| विविध खर्च खाता | १२१५४२३९.५९ | | क) सामाजिक सुरक्षा | १३९३५३८७२.३७ | |
| यस वर्षको आय | | | ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ८२७३३१०.३५ | |
| १.आन्तरिक आय | ३८४८६६७.१४ | ३८४८६६७.१४ | ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १३९०००० | |
| २. वित्तीय हस्तान्तरण (संघ) | | ४८८०९८१८६.३ | धरौटी फिर्ता तथा सदर स्याहा | | ८६२७३१४.४० |
| क) समानीकरण अनुदान | ११४९७५२८० | | कार्यसञ्चालन कोषबाट भएको खर्च विविध खर्च खाता | | ७५४२६४६ |
| ख) राजस्व बाँडफाँट | ८७०५४५४६.३४ | | अनुदान फिर्ता | | ३५२५००५८.५६ |
| ग) सशर्त अनुदान | २८६०६८३६० | | १. संघ तर्फ | २५५८४३७९.९ | |
| ३. वित्तीय हस्तान्तरण (प्रदेश) | | | २. प्रदेश तर्फ | ९६६५६७८.६९ | |
| क) समानीकरण अनुदान | १३०२८००० | ६३३८०९९४.६८ | अन्तिम मौज्दात | | ९४३६१०२९.६५ |
| ख) राजस्व बाँडफाँट | १७४३२९९४.६८ | | १. संचित कोषको मौज्दात | ६८२६७२१३.९२ | |
| ग) सशर्त अनुदान | ३२९२०००० | | २. धरौटी | ९१६५८२७.८७ | |
| ४. अन्तर सरकारी अख्तियारी (संघ) | | | ३. कार्यसञ्चालनकोष | १६९२७९८७.९ | |
| क) सामाजिक सुरक्षा | १३९३५३८७२.३७ | १३९३५३८७२.३७ | | | |
| ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ८२७३३१०.३५ | ८२७३३१०.३५ | | | |
| ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १३९०००० | १३९०००० | | | |
| ७. धरौटी आय | २४०११७०.७३ | २४०११७०.७३ | | | |
| ८. कार्यसञ्चालन | ७५४२६४६ | ७५४२६४६ | | | |
| ९. अन्य कोषको आय (विभाज्य कोष) | ७७२५१६१ | ७७२५१६१ | | | |
| दहतर बहतर वापत ६०% | ३७५९००० | ३७५९००० | | | |
| स्थानीय राजश्व बाँडफाँड | | २५६९९५६.६८ | | | |
| जम्मा | | ८०९०३९३५४.३३ | जम्मा | | ८०९०३९३५४.३३ |

पवन कुमार प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ ।पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१३,९३,५३,८७२. ३७ र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.९६,६३,३१०.३५ समेत गरी रु.१४,९०,१७,१८२.७२ सुत्रमा लेखाङ्कन गरेको छैन । पालिकाले अनुसूची १४ मा अन्तरसरकारी अख्तियारी समावेस गरी एकिकृत वजेट तथा खर्च विवरण तयार गरेको छैन जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेतले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन ।

२.३ **फरक हिसाब** - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.२१,१७,८८९.१३ यस वर्षको प्राप्ति

रु.२०,५६,७३,२२२.६५, यस वर्षको भुक्तानी रु. १९,७५,६८,९८९.४६ र बैंक मौज्दात रु.८६,४३,९४८.४९ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं. २७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरणअनुसार | ८०६९६३८९. ०४ | ७२८३४२९६५.२५ | ७१४६७८३२४.६८ | ९४३६१०२९.६५ |
| सूत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ८२८१४२७८.१७ | ५२२६६९७४२.६ | ५१७१०९३३५.२२ | ८५७१७०८१.१६ |
| फरक | २११७८८९.१३ | २०५६७३२२२.६५ | १९७५६८९८९.४६ | ८६४३९४८.४९ |

२.४ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(१) (२) अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैंक हिसाब मिलान विवरण (म.ले.प.फा.नं. २१२) तयार गरी हिसाव भिडान समेत गर्नुपर्दछ। सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा यस पालिकाले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण स्रेस्ता र बैंकमा निम्नानुसार मौज्दात रकम फरक देखिएकोले पालिकाले एकिन गरी बैंक हिसाब मिलान विवरण तयार गर्नुपर्दछ।

| खाताको प्रकार | श्रेस्ता अनुसार बाँकी रु | बैंक अनुसार बाँकी रु | फरक |
|---|---|---|---|
| ग १.१, आन्तरिक राजस्व खाता | ० | ५०००८३८.५३ | ५०००८३८.५३ |
| ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ७१४५३४२.७ | ७१४५३४२.७ |
| ग १.३, आन्तरिक अनुदान खाता | ० | २०८१२००० | २०८१२००० |
| ग २.१, चालू खर्च खाता- जोर वर्ष | -२६२४११३४.७१ | ११२५३९४९.१४ | ३७४९५०८३.८५ |
| ग २.३, पूँजिगत खर्च खाता- जोर वर्ष | -६४१२००० | १४८७०१५८ | २१२८२१५८ |
| ग २.७, विविध खर्च खाता | ५६६०५५१.८६ | २९९२९६१.२८ | -२६६७५९०.५८ |
| ग ३.१, स्थानीय तह धरौटी खाता | ९४२६९२७.८१ | ९१६५८२७.८७ | -२६१०९९.९४ |
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ९०४५९८१९.५२ | ७३०६६४०.४७ | -८३१५३१७९.०५ |
| ग ६.१, स्थानीय तह विविध कोष खाता | ८८७८६५५ | ८८७८६५५ | ० |
| ग ६.१ स्थानीय तह विभाज्य कोष खाता | २४२६९७५ | ५१९८७३५ | २७७१७६० |
| ग २.६ वित्तिय व्यवस्थापन खर्च खाता | ० | ० | ० |
| ग ७.१ स्थानीय तह आकस्मिक कोष खाता | ० | ० | ० |
| ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | २३८८७८१ | २३८८७८१ | ० |
| जम्मा | ८६५८८५७५.४८ | ९५०१३८८८.९९ | ८४२५३१३.५१ |

२.५

**सञ्चित कोषमा जम्मा (ट्रान्सफर)** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.१,१२,५३,९४९.१४, पुँजीगत खातामा रु.१,४८,७०,१५८.०८, आन्तरिक राजस्व खातामा रु.५०,००,८३८.५३, राजस्व बाँडफाँड खातामा रु.७१,४५,३४२.७० समेत रु.३,८२,७०,२८८.४५ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

२.६ **कर दायित्व** - पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.२८,१७० देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २८,१७० |

२.७ **सूत्रमा गत वर्षको नगद मौज्दात फरक-** आर्थिक वर्ष २०८१।८२ को लागि सूत्रबाट तयार भएको म.ले.प.फा.नं. २७०.१ को प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन अनुसार गत आ.व.को कारोबारमा गत आ.व.को अन्त्यको बाँकी नगद तथा बैंक मौज्दात रु.८,२८,२५,०२५.९७ देखाएकोमा चालु आ.व.को कारोबारमा गत आ.व.को नगद तथा बैंक मौज्दातमा रु.८,२८,१४,२७८.१७ देखिएकोले फरक रु.१०,७४७.८ सम्बन्धमा एकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।

२.८ **राजस्व दाखिला**-पालिकाले सुत्रबाट राजस्व आम्दानी गरेकोमा सुत्रको राजस्व संकलन तथा दाखिला प्रतिवेदन अनुसार रु.१,१५,८४,५७५.९४ राजस्व संकलन गरेकोमा रु. १,१५,८२,१७५.९४ बैंक दाखिला भइ वडा नं ६ ले उठाएको रु.२,४०० नगद दाखिला गर्न बाँकी देखिएकोले उक्त रकम आन्तरिक राजस्व खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४०० |

२.९ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.८,०३,६८,७१०.९५ मौज्दात रहेकोमा यो वर्ष रु.८,०६,९६,३८९.०४ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.३,२७,६७८.०९ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।

## ३ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने आधार देखिएन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

•स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,

•अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्च संरचना तयार गरेको पाईएन,

•स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो आंशिक गरेको पाइयो,

•स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन,

•स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाईएन,

•पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन,

•आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम (१०) बमोजिम स्थानिय तहले एकिकृत वित्तिय प्रतिवेदन तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्नेमा पठाएको पाईएन,

•दिगो विकास योजना (२०१६-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन,

•वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाईएन।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान भएको तर कार्ययोजना तयार गरेको पाईएन,

•कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,

•पालिकाले कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्वन्धमा कुनै मापदण्ड बनाएको छैन साथै अभिलेख समेत राखेको देखिएन,

•आथिक वर्ष २०८१।८२ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनको बुदाँ नं.५७ मा नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्न सबै कारोबार अनिवार्य रुपमा सम्बन्धित बैंक खातामा विद्युतीय प्रणाली मार्फत भुक्तानी (EFT) गर्ने उल्लेख भएकोमा पालिकाले सबै कारोबार सम्बन्धित बैंक खातामा विद्युतीय प्रणाली मार्फत भुक्तानी (EFT) गर्ने नगरेको,

•शीर्षक फरक पारेर खर्च गर्ने गरेको पाइयो,

•भ्रमण खर्च नियमावली २०६४ बमोजिम भ्रमण अधिलेख तयार गरेको पाईएन ।

उपर्युक्तानुसार स्थिति देखिँदा पालिकाले स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी सुदृढ खरिद व्यवस्थापन, समग्र वित्तीय कारोबारको लेखांकन एवं प्रतिवेदन गरी प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी कारोबार गर्न गराउन तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउन आवश्यक देखिन्छ ।

### ४ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर कालिन्चोक पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

### ५ अनुदान फिर्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा सङ्घीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा वाँकि रहेको सशर्त अनुदान,

समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले फिर्ता गर्नुपर्ने व्यवस्था छ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| संघीय सरकार | सशर्त | २८६०६८३६० | २६०५१२१४३.१३ | २५५५६२१६.८७ |
| | विशेष | ० | ० | ० |
| | समपूरक | ० | ० | ० |
| जम्मा | | २८६०६८३६० | २६०५१२१४३.१३ | २५५५६२१६.८७ |
| प्रदेश सरकार | सशर्त | ३२९२०००० | २३२५४३२१.३१ | ९६६५६७८.६९ |
| | विशेष | ० | ० | ० |
| | समपूरक | ० | ० | ० |
| जम्मा | | ३२९२०००० | २३२५४३२१.३१ | ९६६५६७८.६९ |
| कुल जम्मा | | ३१८९८८३६० | २८३७६६४६४.४४ | ३५२२१८९५.५६ |

उपर्युक्त विवरण अनुसार संघीय सरकारबाट रु. २८ करोड ६० लाख ६८ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्ष रु.२६ करोड ५ लाख १२ हजार बजेट खर्च भई बाँकी रु. २ करोड ५५ लाख ५६ हजार मिति २०८२।३।३२ मा सङ्घीय संचित कोषमा फिर्ता गरेको देखिन्छ । त्यस्तै प्रदेश सरकारबाट रु. ३ करोड २९ लाख २० हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्ष रु.२ करोड ३२ लाख ५४ हजार खर्च भएको देखिन्छ भने खर्च गर्न बाँकी रकम रु. ९६ लाख ६५ हजार मिति २०८२।३।३२ मा प्रदेश संचित कोषमा फिर्ता गरेको देखिन्छ ।

## ६ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषय, क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्नेमा पालिकाले आवधिक योजना तयार गरेको पाईएन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

## ७ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल २९२ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ४७ | १४ | १५ | १८ |
| २. | वडास्तरीय | २४५ | १२ | १४ | २१४ |
| कुल जम्मा | | २८८ | २६ | २९ | २३२ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. ५ लाख भन्दा कमका २८८ वटा योजना, ५ लाख देखि २० लाख सम्मका २९ वटा र रु २० लाख माथिका २६ वटा गरी २८८ वटा योजनाहरु सञ्चालन गरेको देखियो । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा बृद्धि हुँदै जाने हुनाले गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, जनताको जीवनस्तर र रोजगारी बढ्ने, दिगो विकास, वातावरणिय संरक्षण, सामाजिक समावेशीकरण अभिवृद्धि हुने योजना छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ ।

## ८ योजना छनौट तथा संचालन

पालिकाले आ.ब. २०८१/८२ मा सञ्चालन गरेका विकास निर्माण तथा अन्य कार्यक्रमहरुको सञ्चालन गर्दा सार्वजनिक खरिद कानून बमोजिम पारदर्शी, नियत्वयी, समता, सम्भभाव्यता, आवश्यकता र प्राथपकताको आधारमा सञ्चालन गर्नुपर्ने व्यवस्था छ । यसरी सकेसम्म लागत प्रभावी बनाउदै परिणाममुखी र प्रभावकारी योजना छनौट एंवम कार्यान्वयनका जोड दिनु पर्नेमा निम्न बमोजिमका २२९ वट योजनाहरुमा रु.९८०००००० खर्च गरेको देखिन्छ । योजनाहरुको छनौट गर्दा ठूला र महत्वपूर्ण योजनाको छनौट गरी पालिकाका दिगो विकासमा जोड दिई वातावरणीय मानवीय र आर्थिक सम्भावनालाई विशेष जोड दिनु पर्दछ ।

| सि.नं. | योजनको आकार | संख्या | भुक्तानी |
|---|---|---|---|
| १ | १ लाख सम्मका | ११० | ८२८५००० |
| २ | १– २ लाख सम्मको | ८० | १२६६५००० |
| ३ | २– ५ लाख सम्मको | ५८ | ११४५०००० |
| ४ | ५– १० लाख सम्मको | १८ | ८६००००० |
| ५ | १०– २० लाख सम्मको | २ | ४०००००० |
| ६ | २० लाख माथी | २४ | ५३०००००० |
| | जम्मा | २९२ | ९८०००००० |

## ९ वार्षिक खरिद गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने तथा नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत लाभग्राही समुदाय समेतवाट वार्षिक रु.१५ करोड २५ लाख ६६ हजार पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेकोमा खरिद गुरुयोजना बनाएको पाईएन । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

## १० स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहित पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन।स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

## ११ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको

खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु वैशाख १० गतेभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण गर्नुका साथै आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समिति गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गर्नु पर्दछ ।

१२ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालना गर्नुपर्ने देखिन्छ ।

१३ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहमा उपाध्यक्षले मिति २०८१।३।९ गते रु. ६५ करोड १४ लाख ८० हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।०३।३१ मा पारित भएको छ ।यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०४।३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

१४ **बजेट खर्च**

आर्थिक वर्ष २०८१।८२ को पालिकाको कुल बजेट खर्च मध्ये चालु र पुँजीगत खर्च देहाए बमोजिम गरेको छ ।

| कुल बजेट | कुल बजेट खर्च रु. | चालु खर्च रु. | प्रतिशत | पुँजीगत खर्च रु. | प्रतिशत |
|---|---|---|---|---|---|
| ६५१४८०१८२ | ५१७१०९३३५ | ३६४५४२६८७ | ७०.४९ | १५२५६६६४८ | २९.५१ |

उपर्युक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु. ६५ करोड १४ लाख ८० हजार बजेट विनियोजन भएकोमा चालु तर्फ रु. ३६ करोड ४५ लाख ४३ हजार र पुँजीगत तर्फ रु. १५ करोड २५ लाख ६६ हजार गरी कुल खर्च रु. ५१ करोड ७१ लाख ९ हजार अर्थात कुल खर्चको तुलनामा २९.५१ प्रतिशत पूँजिगतमा र ७०.४९ प्रतिशत चालुमा खर्च भएको छ ।

१५ **खर्च विश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.३८,४८,६६७.१४।- राजस्व बाँडफाँडवाट रु. १०७०५७४९७.७।- गरी जम्मा रु. ११,०९,०६,१६४.८४।- र अनुदानबाट रु. ३१,८९,८८,३६०।- समेत रु.४२,९८,९४,५२४.८४।-आम्दानी गरेकोमा चालु तर्फ रु. ३६,४५,४२,६८७।- र पूँजिगत तर्फ रु. १५२५६६६४८।- समेत रु. ५१७१०९३३५।- खर्च गरेको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा .७४ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी पारिश्रमिकमा रु ६४२६००० खर्च गरेको छ ।जुन पालिकाको आन्तरिक आय रु.३८४८६६७.१४ को ५९.८९ प्रतिशत रहेको छ । पालिकाले कुल खर्चको तुलनामा ७०.४९ प्रतिशत चालु, २९.५१ प्रतिशत पूँजिगत निर्माण तर्फ खर्च गरेको देखिन्छ ।यसबाट पालिकाले विकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ।प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१६ **क्षेत्रगत बजेट र खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम बजेट पास गर्दा स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाको २०८१/८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।

| सि.नं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | ३,९७,२८,२७४ | २,९३,८०,९६८ | ५.६८ |
| २ | पूर्वाधार विकास | १४,६१,०५,८८५ | ८,८४,२०,४७३ | १७.०९ |
| ३ | सामाजिक विकास | ३३,३०,८०,००० | २८,५३,६५,९४० | ५५.१८ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १,२५,८८,३१० | ७८,१३,१९० | १.५२ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ११,९१,७७,७०९ | १०,६१,२८,७६४ | २०.५३ |
| | जम्मा | ६५०६८०१७८ | ५१७१०९३३५ | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन भई खर्च गरेको बजेट मध्ये सबैभन्दा बढी सामाजिक विकासमा ५५.१८ प्रतिशत र सबै भन्दा घटी संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्रमा १.५२ प्रतिशत खर्च रहेको छ ।

## १७ त्रैमासिक पुँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसूची २ बमोजिम त्रैमासिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पुँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | संघीय पूँजीगत | २०५६९०५१ | ० | ९००० | ११७२४८० | १९३८७५७० | १५४३७०५७ |
| २ | प्रदेश पूँजीगत | १८८१५९५५ | ० | १४६३१५ | १४१३७०० | १७२५५९४० | ११३०९४२५ |
| ३ | गाउँपालिका पूँजीगत | ११३१८१६४२ | ३००७१७९७ | २९७८१५६ | १६४१८६७० | ६३७१३०१९ | ३३३८१६१७ |
| | कूल खर्च | १५२५६६६४८ | ३००७१७९७ | ३१३३४७२ | १९००४८५० | १००३५६५२९ | ६०१२८०९९ |
| | खर्च प्रतिशत | १०० | १९.७२ | २.०५ | १२.४५ | ६५.७८ | ३९.४१ |

उपरोक्त विवरण अनुसार पूँजीगत तर्फ वार्षिक रु. १५ करोड २५ लाख ६६ हजार निकासा खर्च भएकोमा प्रथम त्रैमासिक निकासा खर्च रु. ३ करोड ७१ हजार (१९.७२प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ३१ लाख ३३ हजार (२.०५प्रतिशत) तेस्रो त्रैमासिकमा रु. १ करोड ९० लाख ४ हजार (१२.४५प्रतिशत) र चौथो त्रैमासिकमा रु. १० करोड ३ लाख ५६ हजार (६५.७८ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ६ करोड १ लाख २८ हजार (३९.४१प्रतिशत) खर्च गरेको छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा समेत असर पर्ने देखिएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम त्रैमासिक रुपमा खर्च सन्तुलत हुने गरी कार्य गर्नुपर्दछ ।

## १८ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कुल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको

परिमाण मूल्य कार्य सम्पादन जमानत पेस्की ग्यारेन्टीको अवस्था काम सम्पन्न गर्नुपर्ने मिति भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

## १९ **ठेक्का बन्दोवस्त**

पालिकाले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छः

| कार्यक्रम/ शीर्षक | खरिद सम्झौता रकम भ्याट सहित | | | | | | | | यस बर्ष सम्पन्न योजना | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा योजना | प्रथम चौमासिक | | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | | |
| | संख्या | संख्या | रकम | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| बोलपत्रबाट | ३२ | ० | ० | | २५ | ५३६८७२७८ | ७ | १३५३२११६ | ३२ | ६७८१८३३४ |

उल्लेखित विवरण अनुसार यो वर्ष पालिकाले विभिन्न कार्यको लागि रु. १२ करोड १० लाख ६ हजार लागतको ३२ ठेक्का बन्दोवस्त गरेकोमा प्रथम चौमासिकमा ठेक्का व्यवस्थापन भएको देखिएन भने, दोश्रो चौमासिकमा रु. ५ करोड ३६ लाख ८७ हजारको २५ ठेक्का व्यवस्थापन भएको र तेस्रो त्रैमासिकमा रु १ करोड ३५ लाख ३२ हजारको ७ ठेक्का व्यवस्थापन भएको देखिन्छ । ठेक्का व्यवस्थापन मार्फत ३२ वटा योजनाहरुमा रु.६ करोड ७८ लाख १८ हजार खर्च भई आर्थिक वर्षको अन्त्यसम्ममा सबै ठेक्का सम्पन्न भएको देखिन्छ ।

## २० **ठेक्का प्रतिस्पर्धा**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा बोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले बोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ४.७८ देखि ४९.२९ प्रतिशत सम्म घटीमा कबोल गर्ने योजना कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको देखिन्छ। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाईएन । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

उपर्युक्त विवरण अनुसार पालिकाले ठेक्का बन्दोबस्त गर्दा सबै भन्दा बढी स्वामिको रुख मैनाली टोल खवासे टोल सडक योजनामा लागत अनुमानको तुलनामा ४९.२९ प्रतिशत घटीमा ठेक्का सम्झौता भएको देखिन्छ भने सबै भन्दा कम सेतीदेवी वालविकास केन्द्र र वडा सेवा केन्द्र भवन निर्माण कार्यमा लागत अनुमानको तुलनामा ४.७८ प्रतिशत घटीमा ठेक्का सम्झौता भएको देखिन्छ।

**(विस्तृत विवरण बेरूजु दफा २० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## २१ **निर्माण कार्य व्यवस्थापन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले २० लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य बोलपत्रको माध्यम तथा नियम ९७ बमोजिम उपभोक्ता समिति मार्फत कार्य गराउन सकिने व्यवस्था रहेको छ। पालिकाले ठेक्का र उपभोक्ता समिति मार्फत गरेको योजनाहरु देहाय बमोजिम रहेका छन्

।

| योजना संख्या | ठेक्का मार्फत | | उपभोक्ता समिति मार्फत | |
|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम |
| २८८ | ३२ | ६७८१८३३४ | २५६ | ३६८७८५३७ |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल २८८ योजना मध्ये ठेक्का मार्फत ३२ वटा योजनामा रु. ६ करोड ७८ लाख १८ हजार खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित २५६ योजनामा रु. ३ करोड ६८ लाख ७८ हजार खर्च गरेको छ । अर्थात

२५६ योजनामा भएको खर्च रु. १० करोड ६४ लाख ९६ हजार ८७१ मध्ये ६३.६८ प्रतिशत ठेक्का प्रक्रिया मार्फत र ३६.३२ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ। पालिकाले यस वर्ष संचालित योजनाहरुमा सडक पिच १.६५ किलोमिटर ग्राबेल ५.५७ घन मिटर र नयाँ ट्र्याक .९१ किलोमिटर खोल्ने कार्य गरेकोमा सो निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपना, उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका कुराहरु समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्नु गराउनु पर्दछ ।

२२ **परामर्श खर्च**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ (क) मा परामरर्श सेवा खरिद गर्दा सम्वन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था रहेको छ । बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो वर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमका परामर्शदाता कम्पनीलाई रु. २९४३६५०।- परामर्श शुल्क बापत भुक्तानी गरेकोमा छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|
| Preparation of periodic plan of kalinchwok Rural Municipality | Rymes Engineering pvt.ltd | ४९७८१२.४६ | ४९६६३५ |
| Building Construction Record Keeping Procedure Guidelines | Green Earth Engineering And Constructions Pvt.Ltd | १५९८९५ | १५९७८२ |
| Preparation of Medium Term Expenditure Framewoek(MTEF) of Kalinchowk Rural municipality | Scholar Engineers Pvt.Ltd | ३००४८३.९५ | २९८४३३ |
| Preparation of Local Adaptation Plan Of Action Of Kalinchwok Rural municipality | Practical solution-Green Earth-Spiral JV | २०००००० | १९८८८०० |
| जम्मा: | | २९५८१९० | २९४३६५० |

२३ **उपभोक्ता समिति परिचालन र व्यवस्थापन सम्बन्धमा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा सोही नियमावलीका प्रावधान अनुसार कार्य गर्नुपर्ने व्यवस्था छ । पालिकाले २५६ योजनामा रु ३ करोड ६८ लाख ७८ हजारको कार्य उपभोक्ता समिति मार्फत गराएको छ।यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

(क) खर्चको अनुमोदन - नियमावलीको नियम ९७ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उल्लिखित निर्माण कार्य गर्न सम्झौता भएका उपभोक्ता समितिको कामको प्राविधिक मूल्यांकनको आधारमा मात्र भुक्तानी दिने गरेको देखिन्छ । नियमावलीमा व्यवस्था भए बमोजिमको बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गर्ने गरेको पाईएन ।

ख) प्राविधिक बिल र कार्यसम्पन्न प्रतिवेदन - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बराबर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा एकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

ग) उपभोक्ता समितिबाट भएका निर्माण कार्यको गुणस्तर - सार्वजनिक खरिद नियमावली २०६४, को नियम ९७ को उपनियम ३ (ख) मा उपभोक्ता समितिसँग गरिने सम्झौतामा निर्माण कार्यको गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राख्नुपर्ने उल्लेख छ । पालिकाले उपभोक्ता समितिहरुसँग गरेका सम्झौतामा गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राखेको पाईएन । उपभोक्ता समिति मार्फत् कार्यान्वयन तथा सञ्चालन हुने निर्माण कार्यको गुणस्तर सुनिश्चित गरी दिगोपना कायम गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने गराउने गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट फलामे डण्डीको टेन्साइल टेष्ट गराउने जस्ता कार्य गराएको पाईएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ ।

घ) हेभी इक्विपमेण्टको प्रयोग - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर एक्साभेटर लोडर रोलर ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांश मा लागत अनुमान तयार गर्दा को समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण, कालोपत्रे तथा सडक स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई सार्वजनिक निकायबाट सहमति लिएको पाईएन ।

ङ) लागत सहभागिता - पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता बापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनु पर्दछ ।

२४ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ राजस्व क्षमता खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिका अन्तर्गत कृषि पशु स्वास्थ्य शाखा सहित ८९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ३७ स्थायी र २९ करार सहित ६६ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन सातौ, योजना अधिकृत सातौं प्रशासन पाँचौ, लेखाअधिकृत,पशु विकास अधिकृत, कृषि विकास अधिकृत, वडा सचिव लगायत २३ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु पूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

२५ **तलबी प्रतिवेदन पारित बेगर तलब भत्ता भुक्तानी**

स्थानीय सेवा गठन तथा सञ्चालन ऐन २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । तर पालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी स्वास्थ्य तर्फका २६ जनाको रु.१,८२,३५,७७०।- र पालिका तर्फका ११ जनाको रु.१,०४,५२,६६३।- सहित ३७ जना कर्मचारीलाई रु.२,८६,८८,४३३ ।- तलब भुक्तानी गरेको छ। तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२६ **कर्मचारी व्यवस्था**

स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको काममा सेवा करारबाट लिने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र विना प्रस्ताव दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले उल्लेखित पदहरुमा बाहेक २९ कर्मचारी करारमा नियुक्त गरी रु.१,३०,२४,३९७ तलब भत्ता भुक्तानी गरेको पाइयो ।पालिकाले स्थायी कर्मचारी लोकसेवा माग गरी पदपुर्ति गर्नु पर्दछ ।

| पद | नियुक्ति संख्या | मासिक तलव भत्ता दर रु. | वार्षिक तलब भुक्तानी रु. | कैफियत |
|---|---|---|---|---|
| इन्जिनियर | १ | ४३६८९ | ५७७९५७ | दरबन्दी भित्र |
| सव इन्जिनियर | ४ | ३४७३० | १८४५९६० | |
| असिष्टेन्ट सव इन्जिनियर | ५ | ३२९०२ | २१८८६३० | |
| ना प स्वा प्रा पशु | १ | ३२९०२ | ४३७७२६ | |
| हे अ | ४ | ३४७०३ | १८४५९६० | |
| अनमि | ७ | ३२९०२ | ३०६४०८२ | |
| अहेव | ६ | ३२९०२ | २६२६३५६ | |
| ल्याअ | १ | ३२९०२ | ४३७७२६ | |
| जम्मा | | | १३०२४३९७ | |

## २७ अवकाश कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले अवकाश कोष स्थापना गरेको पाइएन।

## २८ सेवा प्रवाहको स्थिति

पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्न विषयमा सेवा प्रवाह गरेको छ ।

| विवरण | सेवा संख्या |
|---|---|
| जन्म दर्ता | ४१५ |
| मृत्यु दर्ता | २०३ |
| बसाईसराई दर्ता | ३४ |
| विवाह दर्ता | २४५ |
| सम्बन्ध विच्छेद दर्ता | ३० |
| जम्मा | ९२७ |

पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाले आ.व. २०८१।८२ मा जन्मदर्ता ४१५, मृत्यु दर्ता 20३, बसाईसराई दर्ता ३४ परिवार, विवाह दर्ता 2४५, सम्बन्ध विच्छेद दर्ता ३० गरी ९२७ जनालाई पञ्जिकरण सेवा प्रवाह गरेको छ।

## २९ न्यायिक समितिको कार्यसम्पादन

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फर्स्यौट कारवाही देहाय बमोजिम रहेको छ ।

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फस्यौंट/कारवाही भएका विवाद | फस्यौंट /कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| २ | १४ | १६ | १५ | १ |

उपरोक्त विवरण अनुसार गतवर्षबाट जिम्मेवारी बाँकी रहेको २, यस वर्ष १४ नयाँ मुद्दा दर्ता भई १६ मुद्दा बाँकी भएकोमा १५ मुद्दा फस्यौंट भई यस आर्थिक वर्षको अन्त्यमा १ मुद्दाको कारबाही हुन बाँकी देखिन्छ। बाँकी मुद्दाको समेत समयमानै टुङ्गो लगाउनु पर्दछ ।

३० **कानुन निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वियनमा ल्याएको छ ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १. | ऐन | १४ |
| २. | नियमावली | ३ |
| ३. | कार्यविधि | २१ |
| ४. | निर्देशिका | ४ |
| ५. | अन्य | २ |
| | जम्मा | ४४ |

पालिकाले यस वर्षसम्म आफ्नो क्षेत्राधिकार भित्रका १४ ऐन, ३ नियमावली, २१ कार्यविधि, ४ निर्देशिका, र २ अन्य गरी जम्मा ४४ वटा कानुन निर्माण गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने गरेको छ । सोही ऐन को दफा १०२ को (४) अनुसार यसरी बनाइएका ऐन, नियमावली, कार्यविधि र मापदण्ड पालिकाले प्रदेश सरकार र नेपाल सरकारमा पठाउनु पर्नेमा पठाएको पाईएन।

३१ **नक्सा दर्ता र पास**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २७(१) मा गाउँपालिका/पालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । पालिका अन्तर्गत बनेका घरहरुको हालसम्म नक्सा दर्ता तथा पास गर्ने कार्य गरेको देखिएन । त्यसैगरी पालिकाले नक्सा दर्ता र पास गर्दा भवन संहिताको प्रभावकारी पालना र कार्यान्वियनलाई ध्यान दिंदै नक्सा पास र अद्यावधिक तथा अभिलेखिकरणको कार्य लाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ।

३२ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ४९ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका २ वटा सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइयो भने बाँकी ४७ वटा सहकारीले विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।साथै पालिकामा संस्थागत रुपमा सहकारी शाखाको व्यवस्था भएता पनि पालिकाले तोकिए बमोजिम विवरण एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला नगरेको र सहकारी संस्थाहरुको नियमित सघन अनुगमन गरेको छैन । सहकारी सदस्यहरुको हित र वचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने दुरुपयेग रोक्न प्रचलित कानूनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमित अनुगमन गर्नु पर्दछ ।

## ३३ सहकारी संस्थाको विवरण

पालिकामा यस आर्थिक वर्षमा सहकारी संस्थाको विवरण देहाए बमोजिम रहेको छ ।

| सहकारी संस्थाको किसिम | सहकारी संख्या | सदस्य संख्या | शेयर पूँजी रु | बचत रु | ऋण लगानी रु | जगेडा कोष |
|---|---|---|---|---|---|---|
| वचत तथा ऋण सहकारी संस्था लि. | २५ | १७८२४ | २५,००,००,००० | ४२,००,००,००० | ३६,००,००,००० | ११,००,००,००० |
| बहुउदेश्यीय सहकारी संस्था लि. | १ | २८९३ | ३६,१०,२०० | ४१,९३,९९९ | ४२,५९७,३६४ | १४,००,००० |
| कृषि सहकारी संस्था लि. | २० | ९७८५ | ४३,००,००० | ६२,००,००० | ५७,००,००० | १,७०३,०४५ |
| अन्य (उपभोक्ता) | ३ | ९०० | ३,००,००० | ७,००,००० | ४,५०,००० | १,२५,००० |
| जम्माः | ४९ | ३१४०२ | २५,८२,१०,२०० | ४३,१०,९३,९९९ | ४०,८७,४७,३६४ | ११,३२,२८,०४५ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाभित्र ४९ वटा सहकारी संस्था ३१४०२ वचतकर्ता रहेका छन ।उक्त सहकारी संस्थाहरुमा वचतकर्ताको रु २५,८२,१०,२०० को शेयर पूँजी रु ४३,१०,९३,९९९ वचत रकम रु ४०,८७,४७,३६४ ऋण लगानी तथा रु ११,३२,२८,०४५ को जगेडा कोष रहेको छ ।

## ३४ सहकारी संस्थाको अनुगमन

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिका भित्र संचालनमा रहेका सहकारी संस्थाको पालिकाले अनुगमन गरेको विवरण देहाय बमोजिम रहेको छ ।

| पालिकामा दर्ता भएका सहकारी संस्थाको संख्या | अनुगमन गरेका सहकारी संस्थाको संख्या | अनुगमनबाट देखिएका प्रमुख व्यहोराहरु | अनुगमन प्रतिवेदन उपर गरेको कारबाही |
|---|---|---|---|
| ५ | १७ | हिसाबकिताब व्यवस्थित नभएको | प्रत्येक सहकारीलाई अनुगमन पश्चात प्रतिवेदन पेश गरि कार्यान्वयनको लागि सुझाव दिईयो |
| | | बचतमा ब्याज नहालिएको | |
| | | दोहोरो ऋण लगानि गरिएको | |
| | | संचालक समितिको ऋणको पनि भाका नागेको | |
| | | रासायानिक मल वितरण र खरिदको बिल भरपाई नरहेको | |

पालिकाले यस वर्ष पालिका मातहत भएका ४९ सहकारी मध्ये ५ पालिकामा दर्ता भएका र १२ अन्य निकायबाट हस्तान्तरण भई आएका गरी १७ वटा सहकारीको अनुगमन गरेकोको उक्त सहकारीहरुमा वचतकर्ताको वचत रकममा ब्याज नचढाएको, दोहोरो ऋण लगानी गरेको,वचतकर्ताको वचतको हिसाबकिताब व्यवस्थित नराखेको लगाएतको वेहोरा देखेकोमा सोको सुधारको लागी प्रतिवेदन गरेको जनाएको छ । सहकारी सदस्यहरुको हित र वचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने दुरुपयेग रोक्न प्रचलित कानूनी व्यवस्था अनुरुप त्यस्ता संस्थाहरुको नियमित र सघन अनुगमन गर्ने कार्यमा ध्यान दिनुपर्दछ ।

## ३५ गत विगतको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीमध्ये यस वर्षको बजेटमा गत वर्षको भुक्तानी दिन बाँकी दायित्व राखी रु. ४५४०९४१ भुक्तानी दिएको छ। यसरी योजना तर्जुमाको चरण देखि नै योजनाको आवश्यकता, दिगो श्रोत, लाभ लागत ,बजेटको व्यवस्था, स्रोत सुनिश्चितता, आन्तरिक आयमा वृद्धि जस्ता कुरालाई विश्लेषण नगरी योजना तर्जुमा गरिँदा ठुलो रकमको भुक्तानी दायित्व चालु आ.व.मा सरेको देखिन्छ जसले गर्दा चालु आ.व.का

योजनाहरुलाई बजेट अभाव हुने तथा प्राथमिकताका योजना तथा कार्यक्रम संचालन गर्न स्रोत अभाव हुने भएकोले विशेष परिस्थितिबाट सृजित दायित्वहरुलाई मात्र आगामी वर्षमा सार्ने तर्फ ध्यान दिन जरुरी देखिन्छ ।

| भुक्तानी दिन बाँकीको कार्यक्रम/योजना/विवरण | रकम | भुक्तानी दिन बाँकी रहनुको कारण |
|---|---|---|
| गत आ व २०८०/८१ को कट्टी रकम दाखिला गर्न बाँकी | ३३२९२९.२३ | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| गत आ व २०८०/८१ को दाखिला गर्न बाँकी दहत्तर बहत्तर शुल्कको मु अ क | ६१४२२४ | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| ट्रयाक्टर खरिद | ४३९२०० | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| अल्लो प्रशोधन उद्योग | ७५५७७.२५ | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| आचार्य कुल मन्दिर निर्माण | १००००० | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| इन्धन (पदाधिकारी) | ३००००० | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| कटुञ्जे खानेपानी आयोजना | २५०००० | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| कालिञ्चोक गाउँपालिका वडा नं. ३ र ९ मा गेट निर्माण | ८८०६९९.६ | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| खेलकूद कार्यक्रम | १७०९५० | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| गुमुखोला-स्याउली-सिसागोलाई-सिमस्वाँरा सडक स्तरोन्नती दोस्रो प्याकेज | ३०५५७१२.१ | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| गुम्बेसी मन्दिर ट्रस निर्माण | ७००००० | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| ग्याविन जाली खरिद | २०२८८९.२४ | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| ग्लोवल कृषि तथा पशुपंक्षी फर्म अनुदान | १००००० | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| चौघरा कफी तथा फलफूल विकास सहकारी | १४८८७८ | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| जेष्ठ नागरिक तथा अपाङ प्रोत्साहन कार्यक्रम | ७५००० | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| जैसी टोल-टुटुवान सडक स्तरोन्नती | ३२९६७९४.२ | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| जार्नापाले थापाको कूल मन्दिर निर्माण | ५०००० | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| तामाकोशी नदीको प्ररम्भीक वातावरणीय परीक्षण | ४७६१८२ | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| थामी भाषाको पाठ्यक्रम निर्माण | ५५०००० | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| दलित कृषि पशुपालन | ५०००० | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| दिक्षण मिडीया प्रा लि | ४०००० | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| धामीखत्री देखि बुढीलोसे घोडपु जाने बाटो | १०००००० | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| प्रताप स्मृति कलेज-खवासेटोल-लुकुवापानी-वडा कार्यालय (वडा नं. ४), गुम्वेसी-तेत्तिसकोटी (वडा नं. ५) , सुगुरे-जर्नापाले (वडा नं. ६) सडक स्तरोन्नती दोस्रो प्याकेज | ४१९८६२७.४ | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| प्रताप स्मृति कलेज-खवासेटोल-लुकुवापानी-वडा कार्यालय (वडा नं. ४), गुम्वेसी-तेत्तिसकोटी (वडा नं. ५) , सुगुरे-जर्नापाले (वडा नं. ६) सडक स्तरोन्नती पहिलो प्याकेज | ३६८९५५५ | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| पाटागाउँ कैजले सुगुरे खानेपानी | १००००० | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| पिपलबोट मकैवारी भट्टेली सडक | १२६२०० | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| बहुक्षेत्रीय पोषण तथा स्वयंसेविका प्रोत्साहन कार्यक्रम | ५०००० | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| मनकामना प्रा वि | २५००० | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |

| | | |
|---|---|---|
| महिला वालवालिका क्षमता विकास र संचार | ५०००० | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| यावलखोला-धुपेनी (वडा नं. १), बाघखोर-झोरुङ-सोरुङ-फलाटे (वडा नं. २) , सिंगटी-संस्कृतग्राम (वडा नं. ३) सडक स्तरोन्नती दोस्रो प्याकेज | ३३५६९७०.५ | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| यावलखोला-धुपेनी (वडा नं. १), बाघखोर-झोरुङ-सोरुङ-फलाटे (वडा नं. २) , सिंगटी-संस्कृतग्राम (वडा नं. ३) सडक स्तरोन्नती पहिलो प्याकेज | ४२७१०९२.३ | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| लापिलाङ पहिरो व्यवस्थान | १०००००० | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| वडा कार्यालय व्यवस्थापन खर्च, वडा नं. ७ | २५००० | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| वडाको संस्थागत विकास वडा नं. ६ | १००००० | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| वस्नेतको कूल मन्दिर निर्माण | ५००००० | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| सडक बोर्ड नेपाल | ४०९४५९ | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| सत्संङ्ग भवन शौचालय निर्माण | ५००००० | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| सुन्द्रावती कला घर वाद्यवादन सामान खरिद | १००००० | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| समाज घर निर्माण, वडा न १ | १००००० | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| सूर्योदय प्रा वि ग्याविन वाल निर्माण | १२०००० | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| स्वास्थ्य चौकी घर भाडा वडा नं. २ | २७००० | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| सिमश्वारा चिसापानी खानेपानी निर्माण | २००००० | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| विषादी खरिद | २९९७२० | प्रक्षेपण अनुसार आन्तरिक आम्दानी संकलन नभएर |
| जम्मा | ४५४०९४१ | |

## ३६ सूचना प्रकाशन तथा प्रसारण

सूचना प्रकाशन तथा प्रसारण सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ४,५,६,७,८,२७,२८ तथा नियमावली, २०६५ मा नागरिकको सूचनाको हक सम्बर्द्धन संरक्षण र प्रचलन गर्ने सम्बन्धमा सार्वजनिक निकायले सूचना अधिकारी तोक्ने, आफ्नो निकायको सूचना वर्गीकरण र अद्यावधिक गर्ने,सार्वजनिक निकायले तीन/तीन महिनामा स्वत: प्रकाशन गर्नुपर्ने विवरण प्रकाशन गर्नुपर्ने, आफ्नो वेब साईट नियमित अद्यावधिक गर्ने तथा सार्वजनिक निकायसँग माग गरिएको सूचना र उपलब्ध गराएको सूचनाको विवरण छुट्टै अभिलेख राख्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले सूचनाको हक सम्बर्द्धन र प्रचलन गर्ने सम्बन्धमा आफ्नो वेब साईट नियमित अद्यावधिक गर्ने, सूचना अधिकारी तोक्ने लगाएको कार्य गरेको भएता पनि आफ्नो निकायको सूचना वर्गीकरण र अद्यावधिक गर्ने, तीन/तीन महिनामा स्वत: प्रकाशन गर्नुपर्ने विवरण प्रकाशन गर्ने गरेको नपाइएकोले सूचनाको हक सम्बन्धी ऐन तथा नियमावलीले गरेको व्यवस्थाको पूर्ण पालना गर्नुपर्ने देखिन्छ ।

## ३७ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन ।

नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

## ३८ सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन। आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राख्नु पर्दछ।

## ३९ आर्थिक सहायता

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले स्थानीय विपद तथा जलवायु उत्थानशील विशेष कोष सञ्चालन तथा व्यवस्थापन निर्देशिका,२०७५ ( संशोधन २०७९) बमोजिम यस वर्ष आगोलागी वाढी पिडित लगायतलाई आर्थिक सहायता वितरण गर्ने गरेको र विपन्न, असहाय मुटुरोगी, क्यान्सर, टाउकोको रोगी र मृगौलाको रोगीलाई कार्यपालिकाको निर्णयानुसार प्रमुख प्रशासकियको तोक आदेशमा रु १०००० देखि रु ७०००० सम्म गरी यस वर्ष ५४ जना व्यक्ति तथा संस्थालाई रु ९७३९१४।- आर्थिक सहायता वितरण गरेको छ ।

## ४० धरौटी फिर्ता सम्बन्धमा

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) बमोजिम रिटेन्सन मनिको रकम सम्बन्धित आपुर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि फिर्ता गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहायका निर्माण व्यवसायीहरुलाई धरौटी फिर्ता गर्दा आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश नगरी धरौटी फिर्ता दिएको देखिएकोले कर समायोजन पेश गर्नुपर्ने रु

| भौनं मिति | चेक नं | पार्टिको नाम | विवरण | भुक्तानी |
|---|---|---|---|---|
| १०।२०८१।०७।२६ | १२५५९५४३४ | जस्ट अनन्तिया आयाङ्क कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | निवेदन मात्र भएको BANK GUARANTEE नभएको | ३४५०० |
| १२।२०८१।०७।१२ | १२५५९५४३२ | वैतेश्वर निर्माण सेवा | कर चुक्ता र कार्यसम्पन्न प्रतिवेदन नभएको | ३७४२५० |
| १८।२०८१।१०।०४ | १२५५९५४०२ | हिल एरिया हाईड्रो कन्स्ट्रक्सन प्रा लि | निवेदनको आधारमा फिर्ता | २४५०० |
| १८।२०८१।१०।०४ | १२५५९५४११ | ईन्फ्रा अभएपुर कन्ट्रक्सन एण्ड सप्लायर्स | निवेदनको आधारमा फिर्ता | ७८००० |
| जम्मा | | | | ५११२५० |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **११२,१६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१०१,३१२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२०६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **३०६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,११,२५० |

४१ **पेश्की बाँकीको विवरण**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले नियमावलीमा तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न प्रयोजनको लागि निम्नानुसारका व्यक्ति, फर्म र संस्थालाई दिएको म्याद नाघेको पेश्की रु ७०३३६६६ मध्ये सिल्का मावि व्यवस्थापन तथा विज्ञान पार्क निर्माणको पेश्की रु १५०००० गत आवको प्रतवेदनमा लगती कायम भएकोमा उक्त पेश्की लगायत अन्य कर्मचारी तथा निर्माण व्यवसायीको नाममा कायम पेश्की स्रेस्ताबाट घटाएर भुक्तानी गरेको भएतापनि सुत्रबाट नघटेकोले उक्त पेश्की सुत्रबाट फर्स्यौट गरी प्रमाण पेश गर्नुपर्ने रु आर्थिक वर्षको अन्त्यसम्म पनि फर्स्यौट नभई पेश्की बाँकी देखिएकोले नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

| सि.नं. | पेश्की लिनेको विवरण | पेश्की लिनुको उद्देश्य | पेश्की लिएको आव | म्याद नाघेको रु. |
|---|---|---|---|---|
| १ | नन्द प्रसाद शिवाकोटी | पुल हेरालु पारिश्रमिक | २०८१।६।२० | १८०००० |
| २ | मुनाल प्रोबिल्ट जेभि | केन्द्रबाट छनौट भएका नमुना विद्यालय तथा विशेष विद्यालयको भवन निर्माण तथा पूर्वाधार व्यवस्थापन अनुदान | ०८०।८१ | १०८८००० |
| जम्मा | | | | १२६८००० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **१२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१,०८६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **५४३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१६६,६६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१६६,६६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१६६,६६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **७४३,३३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **३५६,६६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१,१६६,६७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१,१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | १२,६८,००० |

४२ **उपभोक्ता समितिबाट खरिद**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ तथा नियमावली नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई सहभागी गराई रोजगारी श्रृजना गर्ने जस्ता निर्माण कार्य वा सो संग सम्बन्धी सेवा उपभोक्ता मार्फत गराउन सक्ने व्यवस्था रहेको छ साथै सामाग्री खरिदका लागि मात्र उपभोक्ता समिति गठन गरी कार्य गर्ने सक्ने व्यवस्था नदेखिएकोले यस पालिकामा सामाग्री खरिदको निमित्त मात्र उपभोक्ता समिति गठन गरी सामाग्री खरिद गर्ने कार्यमा उपभोक्ता समितिको लाभग्राही हिस्सा संलग्न नहुने अवस्थामा समेत उपभोक्ता समितिबाट सामाग्री खरीद गर्ने कार्यलाई नियमित मान्न सकिएन।यस सम्बन्धी केही उदाहरणहरु देहायबमोजिम छन् ।

| गो भौ नं र मिति | उपभोक्ता समिति | सामाग्रि | रकम |
|---|---|---|---|
| २६१।२०८१।११।५ | जनजाली झाँक्रि पोषाक वितरण उस | झाँक्रि जामा | ५०००० |
| ५३५।२०८२।३।६ | जेष्ठ नागरिक सम्मान तथा प्रोत्साहन कार्यक्रम उ स | शिरक कार्पेट खरिद | १००००० |
| जम्मा | | | १५०००० |

४३ **भुक्तानी बाँकी**

पालिकाले आर्थिक वर्षको अन्तमा भुक्तानी नभएका योजनाको बिल भरपाई नापी समेत संलग्न गरी म.ले.प फारम नं. १२१ बमोजिमको भुक्तानी बाँकी विवरण भरी पालिकाको कार्यापालिकाबाट प्रमणित गरी आगमी आर्थिक वषर्मा भुक्तानी गर्नुपर्ने व्यवस्था भएकोमा आ.ब. २०८०/८१ मा भुक्तानी नभएको वडा नं. २ को वडा शौचालय निर्माणको कुल मूल्याङ्कन रु. ५,५८,९४१.५६ मध्ये पालिकाको योगदान रु. ४,९२,४५५ भौ.न. १४ (पालिका पुँजीगत) बाट मिति २०८१/६/१५ मा भुक्तानी भएकोले नियमसम्मत मान्ने आधार नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,९२,४५५ |

४४ **संघीय सशर्त अनुदान निकासा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० अनुसार संघीय सशर्त अनुदान वापत निकासा भएको रकम खर्च हुन नसकेमा आर्थिक वर्षको अन्तमा फिज गरी संघीय संचीत कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले नमुना माध्यमिक विद्यालय कालीनाग मा.वि. वडा नं. ८ को रु १ करोड सशर्त अनुदान वापतको खर्च हुन नसकेको रु.१५,४१,३३४.५० भौ.नं. ४१ (२०८२/३/२५) मा विद्यालय व्यवस्थापन समितिको निर्णयको आधारमा विद्यालयबाट माग भए बमोजिम विदालयलाई निकासा दिईएकोमा सो रकमको नमूना माध्यमिक विद्यालयको स्विकृत कार्ययोजना बमोजिम खर्च गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,४१,३३५ |

४५ **कृषी तथा पशु अनुदान**

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउनेकार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट १,२११ जनालाई रु ६४,५०,८०४ खर्च भएको देखिन्छ । यस्ता अनुदानका रकम

वितरणका लागि लाभग्राही छनौट गर्दा छनौट विधि, गत वर्ष अनुदान दिएको रकमको अभिलेख भिडान गर्दै खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

| क्रस | अनुदानको किसिम | व्यक्ती संख्या | खर्च भएको रकम रु. |
|---|---|---|---|
| १ | फलफुल प्रवर्द्धन (किवि) कार्यक्रम | १ | २,५०,००० |
| २ | फलफुल प्रवर्द्धन (किवि) कार्यक्रम | १ | २,५०,००० |
| ३ | कृषि प्रवर्द्धन कार्यक्रम कालिञ्चोक ८ | ६५ | ८,३३,००० |
| ४ | कृषि व्यवसाय (कृषि, पशुपाल, व्यापार) प्रवर्द्धन कार्यक्रम कालिञ्चोक ८ | १ | ९,४३,००० |
| ५ | कोल्ड चेम्बर निर्माण कार्यक्रम | २० | ६,९५,००० |
| ६ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | २५० | ४,५००,००० |
| ७ | फलफुल बिरुवा वितरण कार्यक्रम | ३०० | ६,२०,००० |
| ८ | संकलन केन्द्रका लागि आवश्यक सामाग्री वितरण | ५०० | ४,५०,००० |
| | जम्मा | ११३८ | ४४,९१,००० |
| | पशु तर्प | | |
| १ | मागमा आधारित पशु पालन कार्यक्रम | ५ | ७६११३४ |
| २ | उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान | १ सहकारी ४० जना लाभग्राही | ९५९७० |
| ३ | चौरी प्रवर्द्धन कार्यक्रम | मिलिजुली कृषि पशुपन्छी तथा मत्स्य उत्पादन फर्म | ७५६४०० |
| ४ | भेडा प्रवर्द्धन कार्यक्रम | कालिन्चोक भेडा पालक कृषक समूह र लालिगुराँस कृषि पशुपन्छी फर्म | १००००० |
| ५ | विपन्न वर्गलाई बाख्रा वितरण कार्यक्रम ५० प्रतिशत साझेदारी | २५ | २४६३०० |
| | जम्मा | ७३ | १९५९८०४ |
| | कुल जम्मा | १२११ | ६४५०८०४ |

## ४६ विद्यार्थी संख्या भन्दा बढी बालविकास सहजकर्ता

प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०७५ को प्रथम संशोधन २०७७ बमोजिम न्यूनतम २५ जना सम्म विद्यार्थी संख्या भएकोमा १ जना र २५ जना भन्दा बढी भएमा थप बाल विकास सहयोगी कार्यकर्ता राख्न पाउने व्यवस्था छ ।तर, पालिका अन्तर्गत सञ्चालित देहायका विद्यालय बालविकास केन्द्रहरुमा २५ जना भन्दा कम विद्यार्थी रहेका विद्यालयहरुमा पनि २ जना बाल विकास सहजकर्ता राखी संघ सशर्तबाट रु. १०,०००।- का दरले र पालिकाबाट रु. ५०००।- का दरले भुक्तानी भएको रकम अनियमित देखिएको रु.

| विद्यालयको नाम | विद्यार्थी संख्या | आवश्यक बाल शिक्षक | नियुक्त बाल शिक्षक | बढि व्ययभार रकम |
|---|---|---|---|---|
| देवीस्थान आवि | ३ | १ | २ | २०५००० |
| जागरण भिमेश्वर प्रावि | २३ | १ | २ | २०५००० |
| | | | जम्मा | ४१०००० |

| अनियमित भएको | ४,१०,००० |
|---|---|

४७ **शिक्षक तलब बढि निकासा**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ, प्रमाण, कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ ।पालिकाले देहायका विद्यालयमा शिक्षकको तलब नियूक्ति हाजिरी मिति, राजिनामा मिति आदिका आधारमा माग फाराम सत्यापन गराई निकासा गर्नुपर्नेमा विद्यालयको माग फारामका आधारमा शिक्षक तलब निकासा गरेकोले बढि निकासा भएको शिक्षक तलब सम्बन्धित विद्यालयबाट असूल गरी संघीय सञ्चित कोष दाखिला हुनुपर्ने रु.

| भौ. नं . र मिति | विद्यालयको नाम | शिक्षकको नाम | भएको निकासा रु | हुनुपर्ने निकासा रु | बढि निकासा रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| विभिन्न | सेतीदेवी प्रावि तारेभिरे | विभिन्न | १४७११८० | १३२५०३८ | १४६१४२ | विद्यालयमा असोजमा दशै खर्च गएकोमा थप कार्तिक, मंसिर , पौष र माघमा समेत सबै शिक्षकको नाममा दशैं भत्ता भुक्तानी भई पछि तलब समायोजन गरेतापनि बढि गएको |
| विभिन्न | बालोदय मावि डुसिखर्क | प्राशि तृ. रामहरि घिमिरे | ३८५९२ | १५४३७ | २३१५५ | निज शिक्षक ०८२।२।१८ सम्मको तलब मडने डाँडा मा. वि . गोरखाबाट तलब भुक्तानी लिएकोमा ०८२ जेष्ठ महिनाको पुरै तलब थप निकासा भएको |
| जम्मा | | | | | १६९२९७ | |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **३,९६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | १,६९,२९७ |
|---|---|

४८ **आई.सि.टी. ल्याब व्यवस्थापन अनुदान**

१९१।०८२।३।२४ कार्यक्रम कार्यान्वयन कार्यविधि ०८१।८२ को क्रियाकलाप नं. २.७.१३.१३(९.१) मा पालिकाबाट विद्यालयमा पुस्तकालय प्रयोगशाला तथा ICT व्यवस्थापन (फिक्सिङ किताब खरिद तथा ई पुस्तकालय समेत)का लागि छनौट भएका विद्यालयलाई प्रति विद्यालय वार्षिक रु. ६ लाख ५० हजार निकासा उपलब्ध गराउने र स्थानीय तहले उल्लेखित विषय क्षेत्र समेटि स्पेशिफिकेशन स्वीकृत गरी विद्यालयलाई सार्वजनिक खरिद ऐन र नियमावली तथा विद्यालय खरिद दिग्दर्शन अनुसारका प्रक्रिया पूरा गरी खरिद गर्नुपर्ने तथा अनुदान प्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप कार्यान्वयन गरे नगरेको नियमित रुपमा अनुगमन गरी मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ ।विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवंम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानवापत श्री कालीनाग मावि सिंगटीलाई ICT ल्याब कार्यक्रमका लागि सि.एन.टेक प्रा.ली. सँग मिति ०८२।३।११ देखि मिति ०८२।३।१६ सम्मको कार्यअवधि भई सि.एन.टेक प्रा.ली.को नाममा रु. ६५०००० भुक्तानी भएकोमा सो सम्बन्धि देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

४८.१

सम्झौताको वुंदा नं. ३ मा प्रथम पक्षबाट (कालिनाग मावि) समानको प्राविधिक परीक्षण गराई सम्पूर्ण विल भर्पाई प्रथम पक्षलाई बुझाएपछि चेक मार्फत भुक्तानी गरिने उल्लेख भएकोमा पालिकाको अनुगमन रिपोर्ट तथा समानको प्राविधिक परीक्षण रिपोर्टमा देहायअनुसार देखियो।

| सामानको नाम | सामानको परिमाण | भुक्तानी रकम रु. | प्राविधिकबाट परीक्षण भएको स्पेशिफिकेशन रिपोर्ट |
|---|---|---|---|
| प्रिन्टर | १ थान | ५१०७६ | कलर प्रिन्टर भएतापनि स्पेशिफिकेशन अनुरुप केहि नभएको |
| ईन्ट्राक्टिभ बोर्ड | ३ थान | ४५२९०४ | ब्राण्ड नखुलेको समान क्वालिटिको नदेखिएतापनि स्पेक बमोजिम भएको |
| ओपिएस | १ थान | १३७१२६ | स्पेशिफिकेशन अनुरुप भएको |
| जडान शुल्क | | ७८८७ | |
| जम्मा | | ६४८९९३ | |

अतः यसरी स्पेशिफिकेशन बमोजिमको प्रिन्टर तथा ईन्ट्राक्टिभ बोर्ड नभएतापनि पालिकाबाट भुक्तानी भएको रकम नियमसम्मत नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६,४८,९९३ |

४८.२ सि.एन.टेक प्रा.ली.ले मिति ०८२।३।१५ मा रु. ६४८९९२ को विल पेश गरेकोमा पालिकाबाट रु ६५०००० भुक्तानी भएकोले बढि भुक्तानी रकम रु. १००८ असूल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,००८ |

४९ **वीमा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम, ११२ अनुसार २० लाख भन्दा माथिको खरिद निर्माण सम्झौतामा अनिवार्य रुपमा बीमा गर्नुपर्ने व्यवस्था छ । ठेक्का सम्झौताको जि.सी.सी १९.१ मा सम्झौता अवधिको सुरु देखि गुठी सच्याउने अवधिसम्मको बीमा गरेको प्रमण निर्माण व्यवसायीले कार्यालय र निर्माण व्यवसायीको संयुक्त नाममा पेश गरी कर विजक सहित सोही विजकमा अवधि खुलाएर पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले आ.ब. २०८०/८१ र २०८१/८२ मा सञ्चालित निम्न बमोजिमका ठेक्का सम्झौताहरुमा सम्झौता अनुसार पुरै अवधि लागु नभएका बीमा बिजक पेश गरी रु. ८,८८,२५५ बढी बीमा वापतको भुक्तानी लिएको देखिएकोले दामासाहिले लागु नभएको सम्र्झाताको अवधिको रकम असुल उपर गर्नुपर्ने रु.

| सि.नं. | ठेक्का न../ निर्माण व्यवसायी | आ.ब. | बीमा सम्झौता रकम | भुक्तानी | ठेक्का सम्झौता अवधि महिना | बीमा लागु गर्नुपर्ने महिना | भएको महिना | असुली |
|---|---|---|---|---|---|---|---|---|
| १ | आर.आर. हिमाली जे.भी | २०८०।८१ | १६०००० | १६०००० | ४ | १७ | २ | १४११७६.४७ |
| २ | हिमाली देवढुङ्गा निर्माण सेवा प्रा.लि. | २०८०।८१ | १२०००० | १११९७८.२९ | ५ | १९ | ५ | ८०२९५.४३ |
| ३ | हिमाली देवढुङ्गा निर्माण सेवा प्रा.लि. | २०८०।८१ | १२०००० | १२०००० | ४ | १८ | १२ | ४०००० |
| ४ | डिमुन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | २०८०।८१ | ४०००० | ३६८६०.६४ | ५ | १७ | ५ | २६०१९.२७ |
| ५ | सिफ्ले कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | २०८०।८१ | ३०००० | २५८३३ | ३ | १६ | ३ | २०९८९.३१ |
| ६ | सिफ्ले कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | २०८०।८१ | ३०००० | २६९८१.०७ | ३ | १६ | ३ | २१९२२.१२ |
| ७ | प्राशिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | २०८१।८२ | ३०००० | २३२७४ | ७ | २० | ३ | १९७८३ |
| ८ | ग्रेड बिल्डर्स एण्ड ईन्जिनियसर सप्लायर्स प्रा.लि. | २०८१।८२ | ४०००० | ३९६५३.१३ | २ | १४ | १२ | ५६६४.७३ |
| ९ | पर्सिका कन्स्ट्रक्सन प्रा.लि | २०८१।८२ | २०००० | २०००० | ८ | २१ | ४ | १६१९१ |
| १० | सफल निर्माण सेवा | २०८१।८२ | ६०००० | ५८७६४ | ४ | १७ | ३ | ४८३९४ |
| ११ | कालिनाग कन्स्ट्रक्सन प्रा.लि | २०८१।८२ | २०००० | २०००० | ४ | १७ | १२ | ५८८२.३५ |
| १२ | एस.क्यु.वी– ३ कालिनाग कन्स्ट्रक्सन प्रा.लि | २०८१।८२ | २०००० | १९६५६ | ४ | १७ | ६दिन | १९६५६ |
| १३ | तिरुमाला विल्डर्स एण्ड कम्पनी प्रा.लि. | २०८१।८२ | २०००० | २०००० | ५ | १८ | | २०००० |
| १४ | शिवांस ड्रिलिङ एण्ड कन्स्ट्रक्सन कम्पनी | २०८१।८२ | २०००० | २०००० | ५ | १८ | २ | १७७७८ |
| १५ | भिमेश्वर विल्डर्स प्रा.लि. | २०८१।८२ | २०००० | २०००० | ४ | १७ | ४ | १५२९४.११ |
| १६ | भिमेश्वर विल्डर्स प्रा.लि. | २०८१।८२ | ३०००० | २७७७४.१ | ४ | १७ | ४ | २१२३९.०२ |
| १७ | दिप एण्ड सन कन्स्ट्रक्सन | २०८१।८२ | ५००० | ४२३० | ३ | १६ | | ४२३० |
| १८ | कालीनाग विल्डर्स एण्ड सप्लायर्स | २०८१। | ३०००० | २९९९९.८४ | ५ | १८ | २ | २६६६६.५२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | प्रा.लि. | ८२ | | | | | | |
| १९ | कालीनाग विल्डर्स एण्ड सप्लायर्स प्रा.लि. | २०८१।८२ | ३०००० | २९९९९.५८ | ५ | १८ | ३ | २५००० |
| २० | सिफ्ले कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | २०८१।८२ | ३०००० | २९४४१.०५ | ४ | १७ | | २९४४१.०५ |
| २१ | सिफ्ले कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | २०८१।८२ | ३०००० | २६८५५.८९ | ४ | १७ | २ | २३६९६.३७ |
| २२ | सिफ्ले कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | २०८१।८२ | ३०००० | २९७०३.२४ | ४ | १७ | २ | २६२०८.७४ |
| २३ | विन्धवासिनी निर्माण सेवा प्रा.लि. | २०८१।८२ | ३०००० | २९९०४.४१ | ५०दिन | १५ | २ दिन | २९९०४.४१ |
| २४ | विन्धवासिनी निर्माण सेवा प्रा.लि. | २०८१।८२ | ३०००० | २८७७९.७३ | २ | १५ | २ दिन | २८७७८.७३ |
| २५ | एस.जि.के. कन्स्ट्रक्स्न प्रा.लि | २०८१।८२ | ३५००० | ३५००० | ५०दिन | १५ | २ दिन | ३५००० |
| २६ | ईन्फ्रा अभयपुर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | २०८१।८२ | ३०००० | २४९७६.३० | ३ | १६ | ३ दिन | २४९७६.३० |
| २७ | एस.क्यु.फी. ईन्फ्रा अभयपुर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | २०८१।८२ | २०००० | १९६९३.४५ | ३ | १६ | १ | १८५९९.३६ |
| २८ | सफल निर्माण सेवा | २०८१।८२ | ३०००० | २९११०.१७ | २२ दिन | १४ | १ | २७०३०.८७ |
| २९ | एम.के निर्माण सेवा प्रा.लि. | २०८१।८२ | ३०००० | २९८८१.९२ | ११ दिन | १३ | १ दिन | २९८८१.९२ |
| ३० | ठिङसाङ कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | २०८१।८२ | २५००० | २५००० | ३ | १६ | ३ | २०३१२.५० |
| ३१ | कालीनाग विल्डर्स एण्ड सप्लायर्स प्रा.लि. | २०८१।८२ | २५००० | २४३२४.२८ | ३ | १६ | ४ | १८२४३.२१ |
| | | | | | | | जम्मा | ८८८२५४.७९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,८८,२५४.७९ |

५० **सडक ढलान**

गाउँपालिकाले आ.ब. २०८०/८१ को ६ वटा भुक्तानी बाँकी ठेक्का सहित आ.ब. २०८१/८२ को ३४ वटा ठेक्का गरी ४० वटा ठेक्का पट्टाको वडागत तथा संयुक्त योजनाहरुम १६५५/९२ घन मिटर बाटो ढलानको काम गरेको देखिन्छ । पालिकाले ढलानको कार्य गर्दा सब–बेस माथि १५ सेन्टीमिटरको मोटाईमा प्रति घनमिटर दर रु. ३१०३ लागत पर्नेमा सबै योजना/ठेक्काहरुमा २० सेन्टीमिटरको मोटाईको ढुङ्गाको सोलिङ माथि ढलान गरी प्रति घनमिटर ३४१२/६३ लागत गणना गर्दा प्रति घनमिटर रु. ३०९.६० बढेर ५५७८ घनमिटर सोलिङको रु. १७२६९६७.३७ बढी लागत सहितको बाटो निर्माण भएको देखिन्छ । सडक विभागको रिजिड पेभमेन्ट सम्बन्धी स्ट्याण्डर्स अनुसार न्यूनतम १५ से.मी. देखी बढी मोटाई भएको पेभमेन्ट सब–ब्रेसमाथि राखेर ढलान गर्न हुन नहुने उल्लेख भए

पनि २०% सम्मको ग्रेडमा बाटो ढलान गरेको देखिएकोले सवारी सञ्चालन लागत तथा सुरक्षामा जोखिम घटाउने गरी दिगो विकासमा पालिकाले ध्यान दिनु पर्दछ ।

५१ **पेश्की कट्टी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ मा निर्माण व्यवसायीले ठेक्काको शर्त बमोजिम पेश्की फस्र्यौट गर्नुपर्ने व्यवस्था छ । त्यसैले ठेक्का सम्झौताको एस.सी.सी. ५७.३ तथा ४९.१ अनुसार ठेक्का सम्झौता बमोजिम एस.सी.सी. ५६ अनुसार भुक्तानी गरेको २०% पेश्की रकम निर्माण व्यवसायीले कार्य प्रगतीको सँगै पेश गर्ने पहिलो विलमानै कट्टि गरी सक्नुपर्ने व्यवस्था गरेको छ । शर्त बमोजिम पहिलो बिलमा कट्टि नभएका एस.सी.सी. ४९.१ अनुसारको दरमा ढिला भएको अवधिको व्याज समेत असुल उपर गर्नुपर्ने रु

| सि.नं. | ठेक्का नं. र निर्माण व्यवसायी | पेश्की भुक्तानी | पहिलो बिलमा फस्र्यौट | अन्तिम विलमा पे.फ. | वढी अवधि (महिना) | व्याज दर | व्याज दायित्व |
|---|---|---|---|---|---|---|---|
| १ | प्राशिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | २५०००० | ० | २५०००० | ३ | १०प्रतिशत | ६२५० |
| २ | पर्सिका कन्स्ट्रक्सन प्रा.लि | ४६४६०० | २२९००० | २३५६०० | ३ | १०प्रतिशत | ५८९० |
| ३ | एस.क्यु.वी.– ३ , कालीनाग कन्स्ट्रक्स्न प्रा.लि. | २६३००० | १३६९०० | १३६९०० | ३ | १०प्रतिशत | ३४२३ |
| ४ | शिवांस ड्रिलिङ एण्ड कन्स्ट्रक्सन कम्पनी | ६२८००० | ३१४००० | ३१४००० | ५ | १०प्रतिशत | १३०८३ |
| ५ | दिप एण्ड सन कन्स्ट्रक्सन | २४०००० | १२९०० | १११००० | ३ | १०प्रतिशत | २७७५ |
| जम्मा | | | | | | | ३१४२१ |
| | | | | | | असुल गर्नुपर्ने | ३१,४२०.८३ |

५२ **कार्य स्विकार**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ (१) अनुसार खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सर्वजनिक निमायले स्वीकार गिरेपछि। आपूतिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदातालाई करारका शर्त बमोजिम अन्तिम भुक्तानी दिनुपर्नेछ भन्ने व्यवस्था गरेको छ । ठेक्का सम्झौताको जि.सी.सी ६९.१ तथा ७४ अनुसार ९०% भन्दा कम कार्य सम्पन्न भएको हकमा निर्माण व्यवसायीलाई कार्य स्वीकार/कार्य सम्पन्न प्रतिवेदन जारी गरी अन्तिम भुक्तानी दिन नमिल्ने देखिन्छ । यस पालिकाले नामाथली–कालिञ्चोक पदमार्ग निर्माण कार्यको लागि मिति २०८२/२/९ मा लागत अनुमान रु. ३९,९९,८६६.५२ (कन्टिजेन्सी सहित) भन्दा २५.७८% न्यून रु. २९,६८,७००.९३ हुने गरी ग्रेड विल्डर्स एण्ड ईन्जिनियरिङ सप्लायर्स प्रा.लि. सँग सम्झौता गरेकोमा सम्झौता अवधि २०८२/३/१५ भित्र ७०.९३% कार्य प्रगति हासिल गरेका देखिन्छ । म्याद थप नगरी भौ.नं. ४३।२०८२।३।२४ (प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम)बाट रु.२०,५२,०४८ भुक्तानी गरेर कार्य स्वीकार प्रतिवेदन समेत जारी भएको देखिएकोले नियम र करार सम्झौता विपरीत अधुरो कार्य स्वीकार प्रतिवेदन सहित भएको भुक्तानी रु.२०५२०४८ नियम सम्मत मान्ने आधार भएन । यस सम्बन्धमा पालिकाले निर्माण व्यवसायीले सम्झौता कार्यान्वयन गर्न नसकेकोले कार्य स्वीकार गरेको जनाए पनि नियम विपरित कार्य पुरा नगरी स्वीकार गर्ने कर्मचारी तथा निर्माण व्यवसायीलाई नियम र करार सम्झौता अनुसार जिम्मेवार समेत बनाउनु पर्दछ ।

५३ **भ्रमण अवधिको बैठक भत्ता**

भ्रमण खर्च नियमावली २०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भ्रमण भत्ता उपभोग गरेको अवधीभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था रहेको छ ।कार्यालयका लेखापाल श्री कुमार प्रसाद सेडाइ मिति २०८१।४।१३ देखि १९ सम्म काठमाण्डौ काजमा गई भौचर नं ३९।२०८१।६।२० बाट भ्रमण खर्च वापत रु.११२०० भुक्तानी लिएको अवस्थामा मिति २०८१।४।

१४,१५,१६,१७ र १८ गते बसेको आन्तरिक आय ठेक्काको खरिद इकाइको मुल्याङ्कन समितिको बैठक वापतको बैठक भत्ता भौचर नं ६ ।२०८१।६।२ बाट कर बाहेक रु.१२७५ का दरले ५ बैठकको समेत रु.६३७५ भुक्तानी लिएको देखिएकोले दोहोरो भुक्तानी भएको बैठक भत्ता वापतको रु.६३७५ निजबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,३७५ |

## ५४ इन्टरनेट जडान

४५०।२०८२।२।२१ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ नियम ३९ (१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।पालिकाले मिति २०८१।४।१ देखि २०८२।३।३२ सम्मको इन्टरनेटको शुल्क वापत वेब सफरलाई भुक्तानी गर्नुपर्नेमा कार्की सप्लायर्सको बिलको आधारमा रु.१,६८,००० कार्की सप्लायर्सलाई भुक्तानी भएको देखिएकोले उक्त इन्टरनेटको सम्झौता र वेब सफरको विल पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६८,००० |

## ५५ स्वीकृत भ्रमण आदेश विना भ्रमण खर्च

२१८।२०८१।१०।२२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ नियम ३९ (१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।लेखा सहायक टिकाराम ओली मिति २०८१।७।२० देखि २३ सम्म काठमाण्डौं कार्यालयको कामले गएको भनि भ्रमणबिल भरेर भ्रमण खर्च भुक्तानी लिएकोमा उक्त अवधिको भ्रमण आदेश स्वीकृत भएको नदेखिएकोले स्वीकृत आदेश पेश गर्नुपर्ने अन्यथा भ्रमण आदेश वेगर भुक्तानी लिएको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,६०० |

## ५६ योजना अनुगमन खर्च

३०९।२०८१।१२।२९ स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ (पहिलो संशोधन २०७७)को दफा ३ क मा पदाधिकारीले पाउने सुविधा उल्लेख गरेको छ ।अर्थ मन्त्रालयबाट जरी कार्यसंचालन निर्देशिका २०८१ मा पनि तालिम, कार्यक्रम तथा योजनाको अनुगमन गरे वापत कर्मचारीले अनुगमन भत्ता पाउने कानुनी व्यवस्था देखिदैन ।तर पालिकामा निम्नानुसारको कार्यक्रम तथा योजनाको अनुगमन गरे वापत अनुगमन भत्ता भुक्तानी लिएको देखिएकोले कानुनी व्यवस्था बेगरको अनुगमन भत्ता नियम सम्मत नदेखिएको रु.

| भौचर नं | कार्यक्रम संख्या | अनुगमन गर्नेको संख्या | अनुगमन दिन | भुक्तानी रकम |
|---|---|---|---|---|
| ३०९।२०८१।१२।२९ | विभिन्न योजनाको अनुगमन गरेवापत कर्मचारी तथा जनप्रतिनिधिहरु | १० | १ देखि २० | १३७००० |
| ७३०।२०८२।३।२५ | पालिका स्तरीय योजनाको अनुगमन गरेवापत कर्मचारी तथा जनप्रतिनिधिहरु | १३ | २ देखि ३६ | २७३००० |
| १४७।२०८१।८।१० | पालिका स्तरीय योजनाको अनुगमन गरेवापत कर्मचारी तथा जनप्रतिनिधिहरु | ९ | २ देखि ९ | ५७००० |
| जम्मा | | | | ४६७००० |

| | |
|---|---|
| अनियमित भएको | ४,६७,००० |

## ५७ बढि दरमा बैठक भत्ता

६१२।२०८२।३।१८ र ५८५।२०८२।३।१६ स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको ऐन २०७७ को अनुसुचि १ (क) मा पदाधिकारीले प्रति बैठक रु १००० का दरले बैठक भत्ता पाउने व्यवस्था उल्लेख छ । पदाधिकारीको संयोजकत्वमा आर्थिक वर्ष २०८१।८२ तथा यस वर्षमा बसेको विभिन्न बैठक भत्ता भुक्तानी दिँदा रु.१५०० का दरले पदाधिकारी तथा कर्मचारीलाई भुक्तानी गरेको देखिएको छ ।ऐनमा तोकिएको भन्दा बढी दरमा भुक्तानी भएको रकम कर बाहेक असुल हुनुपर्ने रु.

| नामपद | बैठक संख्या | भुक्तानी हुनुपर्ने दर | भुक्तानी भएको दर | कर बाहेक बढी भुक्तानी रकम |
|---|---|---|---|---|
| दल बहादुर तामाङ | ४ | १००० | १५०० | १७०० |
| दिपक खुलाल | १ | १००० | १५०० | ४२५ |
| पदम बहादुर थामी | १ | १००० | १५०० | ४२५ |
| भरत पाण्डे | ३ | १००० | १५०० | १२७५ |
| राम प्रसाद मैनाली | १ | १००० | १५०० | ४२५ |
| | | | जम्मा | ४२५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,२५० |

५८ **भ्रमण अवधीको बैठक भत्ता**

६०६।२०८२।३।१८ ,६०१।२०८२।३।१८ र ६०६।२०८२।३।१८ भ्रमण खर्च नियमावली २०६४ को नियम ७(११) मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भ्रमण भत्ता उपभोग गरेको अवधीभर फिल्ड भत्ता, बैठक भत्ता ,तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था रहेको छ ।बैठकको संयोजक काजमा रहेको अवधिमा विभन्न वडा समितिको बैठक बसेको भनि बैठक भत्ता भुक्तानी लिएकोले देखिएकोले संयोजक काजमा रहेको अवधिको बैठक भत्ता देहायबमोजिमका पदाधिकारी तथा कर्मचारीबाट असुल गर्नुपर्ने रु.

| संयोजकको नाम | बैठकमा उपस्थितको नाम | भ्रमण अवधि | बैठक मिति | असुल गर्नुपर्ने रकम कर बाहेक |
|---|---|---|---|---|
| वडा अध्यक्ष श्री सहदेव खड्का | सहदेव खड्का | २०८१।४।१५- २२ विगु गापा र २०८१।५।१० - १७ तामाकोशी गापा | ४।१८ र ५।१६ | १७०० |
| | इस्मिता थामी | | | १७०० |
| | ज्ञानु ब थापा | | | १७०० |
| | दिनेश थामी | | | १७०० |
| | वदला कामी | | | १७०० |
| | धनसिंह कार्की | | | १७०० |
| वडा अध्यक्ष श्री राम प्रसाद मैनाली | राम प्रसाद मैनाली | २०८१।५।१०- १४ चरिकोट | ५।७ | ८५० |
| | नेत्र कुमारी सेढाई | | | ८५० |
| | कमला कामी | | | ८५० |
| | बुद्धिमान थामी | | | ८५० |
| | धिरेन्द्र बुढा | | | ८५० |
| वडा अध्यक्ष भरत पाण्डे | भरत पाण्डे | २०८१।४।२०- २६ धुलिखेल २०८१।५।१० - १८ | ४।२४ र ५।१५ | १७०० |
| | जित कुमारी कामी | | | १७०० |
| | कला खड्का | | | १७०० |
| | रुद्र बहादुर ठकुरी | | | १७०० |
| | राजकुमार अधिकारी | | | १७०० |
| वडा अध्यक्ष श्री पदम बहादुर थामी ३३६।२०८२।१।२२ | पदम बहादुर थामी | २०८२।५।९- ११ विगु गाउपालिका काज | २०८१।५।११ | १७०० |
| | लाल बहादुर थामी | | माग गरेको२७ बैठक माइनुट २६ वटामात्र | १७०० |
| | श्याङ तेम्बा तामाङ | | | १७०० |
| | मैना तामाङ | | | १७०० |
| | गोदारी कामी | | | १७०० |
| | धर्मरा चलाउने | | | १७०० |
| जम्मा | | | | ३३१५० |

| असुल गर्नुपर्ने | ३३,१५० |
|---|---|

५९ **दोहोरो भ्रमण खर्च**

२९७।२०८१।११।२१ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ नियम ३९ (१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअधि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । प्रमुख प्रशासकिय अधिकृत श्री पवन कुमार प्याकुरेलले मिति २०८१।११।११देखि १७ सम्म धादिङ र मिति २०८१।११।१-५ सम्म वडा नं १,२,३,४ र ५अनुगमन गरेवापत रु.२१,८०० भ्रमण भत्ता भुक्तानी लिइसकेपछी पुन: भौचर नं. ४७८।२०८२।२।२२ बाट मिति २०८१।११।११-१७ काठमाण्डौ र २०८१।११।२-४ सम्म काठमाण्डौ काजमा गएको भ्रमण आदेश स्वीकृत गरी रु.१५,६०० भुक्तानी लिएको देखिएकोले दोहोरो भुक्तानी वापतको रकम असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १५,६०० |
|---|---|

६० **दोहोरो भुक्तानी**

५४५।२०८२।३।९आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ नियम ३९ (१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअधि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाको डकुमेन्ट्री तयार गरे वापत द गेष्ट लिङ्क मिडिया प्रालिसंग डकुमेन्ट्रि तयार वापत लाग्ने सम्पूर्ण खर्च सहित रु २८२५०० मा सौझाता भइ सोही बमोजिम खर्च भुक्तानी भैसकेपछि पुन भौचर नं ५५०।२०८२।३।११ मा NTV plus staff को खाना खाजा वापत सुनखानी पहुना घरलाई रु.१३७०० भुक्तानी भएको नियमसम्मत नभएको रु.

| अनियमित भएको | १३,७०० |
|---|---|

६१ **फरक दरको भ्रमण भत्ता**

४१६।२०८२।२।९ बाग्मती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५ संशोधन सहितको दफा ७ दैनिक तथा भ्रमण भत्ता सम्बन्धी व्यवस्था को अनुसुचि १ (ख) मा स्वदेशमा भ्रमण गर्दा वडा अध्यक्ष कार्यपालिका सदस्य र वडा सदस्यले प्रति दिन १२०० का दरले भ्रमण भत्ता पाउने उल्लेख छ। पालिकाले वडा अध्यक्ष श्री भरत पाण्डेको मिति २०८१।९।११ देखि १७ सम्म इलाम र २०८१।१०।१७ देखि २३ सम्म चितवन जाँदा दैनिक रु.१५०० का दरले भ्रमण भत्ता भुक्तानी रु.१८७५० दिएकोले बढि भुक्तानी भएको रु ३७५०।- सम्बन्धीतबाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ३,७५० |
|---|---|

६२ **बढी तलब भुक्तानी**

एक गाउँ एक उत्पादन क्रार्यक्रम अन्तर्गत तलब भत्ता भुक्तानी हुने गरी मासिक ३२९०२ र स्थानीय भत्ता ८९० र पोषाक १०००० पाउने गरी नियुक्ति भएका कर्मचारी श्री शान्ति खड्कालाई गाउँपालिका चालु र सशर्त चालुबाट निजलाई वार्षिक भुक्तानी हुनुपर्ने रकम भन्दा बढी देहायका भौचरबाट भुक्तानी भएको देखिएकोले निजबाट असुल गर्नुपर्ने रु

| भौचर नं मिति | वार्षिक भुक्तानी रकम | वार्षिक भुक्तानी हुनुपर्ने रकम | सामाजिक सुरक्षा कर बाहेक फरक |
|---|---|---|---|
| पालिका तर्फ | | ४४७२०६ | ३७२६५ |
| १७।०८१।६।१६ | ११४८६० | | |
| २२५।२०८१।१०।२८ | ३३६९२ | | |
| ३१६।०८१।१२।३१ | ७७३८४ | | |
| ४२१।०८२।२।९ | ३३६९२ | | |
| ४९४।०८२।२।२६ | ३३६९२ | | |
| ५७२।०८२।३।१५ | ३३६९२ | | |
| संघीय सशर्त तर्फ | | | |
| ८।२०८१।६।१६ | ५६७६० | | |
| ३६।०८१।८।८ | ३३६९२ | | |
| ६०।०८१।१०।६ | ६७३८४ | | |
| जम्मा | ४८४८४८ | | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३७,२६५ |

### ६३ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३१,८९,८८,३६० | ३८, ४८ , ६६७.१४ | १.२१ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.२१ प्रतिशत रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

### ६४ कर संकलन

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर, घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान रु. ७१,४२,७२८.००।- गरेकोमा असुली रु. ३८,४८,६६७.१४।- भएको छ ।जुन अनुमानको तुलनामा ५३.८८ प्रतिशत हुन्छ । राजस्व संकलनको प्रक्षेपण गर्दा अनुमान र संकलन को विश्लेषण गरिनुपर्दछ। अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउन के कस्ता कर संकलनका सम्भाव्यता छन तिनीहरुको पहिचान गरिनुपर्दछ। विभिन्न शीर्षकमा असुली गरेको राजस्वको विवरण निम्नानुसार रहेको देखिन्छ।

| क्र.सं. | राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | जम्मा आम्दानी |
|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | ९०,०००.०० | ३, २२ , ०१६.९१ |
| २ | ११३१४ | भुमिकर/मालपोत | ३, ०० , ०००.०० | ४, १० , ९७५.३६ |
| ३ | ११३१७ | वहाल कर | २, ५० , ०००.०० | ३, २७ , ७३८.१० |
| ४ | ११४५१ | सवारी साधन कर (साना सवारी) | ० | ५००. |
| ५ | ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | १, ०० , ०००.०० | २७,२५०.०० |
| ६ | ११६९१ | अन्य कर | ४२, ०२ , ७२८.०० | ० |
| ७ | १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ८, ५० , ०००.०० | ६, ७८ , १४०.०० |
| ८ | १४२२४ | परीक्षा शुल्क | १, ८० , ०००.०० | १, १८ , ९००.०० |
| ९ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | २, ०० , ०००.०० | ६, ७६ , ६००.०० |
| १० | १४२४२ | नक्सापास दस्तुर | ५०,०००.०० | २०,५५४.६२ |
| ११ | १४२४३ | सिफारिश दस्तुर | ४, ०० , ०००.०० | ३, ८१ , ७००.०० |
| १२ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | २, ०० , ०००.०० | २, ४८ , ८००.०० |
| १३ | १४२४५ | नाता प्रमाणित दस्तुर | २०,०००.०० | १६,४००.०० |
| १४ | १४२४९ | अन्य दस्तुर | ० | २, ४६ , ७२९.०३ |
| १५ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५०,०००.०० | ५,५००.०० |
| १६ | १४२६३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | ५०,०००.०० | ७,७००.०० |
| १७ | १४२६५ | अन्य क्षेत्रको आय | ० | ३,०००.०० |
| १८ | १४३१२ | प्रशासनिक दण्ड , जरिवाना र जफत | ५०,०००.०० | १५,०००.०० |
| १९ | १४५२९ | अन्य राजस्व | ० | १,०००.०० |
| २० | १४६११ | व्यवसाय कर | १, ०० , ०००.०० | १, १६ , ३७०.०० |
| २१ | १५१११ | बेरूजू | ५०,०००.०० | २, २३ , ७९३.१२ |
| जम्मा | | | ७१, ४२ , ७२८.०० | ३८, ४८ , ६६७.१४ |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

६५ **व्यवसाय कर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । पालिकाका दर्ता भएका ४९ व्यवसायी मध्ये यस वर्ष नवीकरण शुल्क वापत रु १,१६,३७० कर संकलन गरेको छ।पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको भएता पनि कर तिर्न वा नविकरण गर्न आएका व्यवसायीहरुको मात्र कर पालिकाले संकल गर्ने गरेको पाइयो ।तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी कर नतिर्ने व्यसायीबाट समेत कर संकलन गर्न पालिकाले पहल गर्नुपर्ने देखिन्छ।

६६ **मनोरञ्जन कर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ ।आर्थिक वर्ष २०८१।८२ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन।यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।

६७ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

६८ **वन पैदावर**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६४ (४) मा सामुदायिक वनबाट आय प्राप्त गर्न सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर बिक्रि तथा उपयोग सम्बन्धी वार्षिक कार्ययोजना बनाइ पालिकाबाट स्वीकृत गराउनुपर्ने र वन पैदावरको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित पालिकाको सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ ।पालिकामा सो वापतको कुनै रकम प्राप्त भएको पाइएन ।

६९ **फरक शीर्षकमा राजस्व दाखिला**

५६।२०८१।५।२१ मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा पालिकाले ढुङ्गा, गिट्टी, बालुवा आदिबाट आफुले प्राप्त गरेको मूल्य अभिवृद्धि कर आफैं आफ्नै नामबाट संघीय संचितकोषमा कर दाखिला गर्नुपर्दछ । देहायका कर संकलकले उठाएको मूल्य अभिवृद्धि कर संकलककै प्यान नं बाट कार्यालयले दाखिला गरेको देखियो । पालिकाले कार्यालयमा प्राप्त भएको मूल्य अभिवृद्धि कर संघीय संचित कोषमा दाखिला नगरी कर संकलककै प्यान नं. बाट मिति २०८१।६।२६ दाखिला गरी दिँदा कर संकलकलाई दोहोरो लाभ भएको अवस्था छ। यस सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसार लाग्ने जरिवाना समेत हिसाब गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| क्रसं | कर संकलकको नाम | सम्झौता रकम (मू. अ. कर समेत) | राजस्व दाखिला रकम | दाखिला हुनुपर्ने राजस्व शिर्षक | दाखिला गरेको राजस्व शिर्षक नं |
|---|---|---|---|---|---|
| १ | हेमगंगा कन्स्ट्रक्सन एण्ड सप्लायर्स | २१७५०२४ | २५०२२४ | ३३३१७ | ३३३१४ |
| २ | हिमाली देवढुंगा निर्माण सेवा ठिमि भक्तपुर | ३१६४००० | ३६४००० | ३३३१७ | ३३३१४ |
| जम्मा | | | ६१४२२४ | | |

| प्रमाण पेश नगरेको | ६,१४,२२४ |
|---|---|

७० **राजश्व ठेक्का (ढुङ्गा गिटी/बालुवा)**

गाँउपालिकाले २०८१/३/८ मा स्विकृत गरेको अभियन्ता नेपाल प्रा.लि.को आ.ई.ई. रिपोर्ट अनुसार पालिकाको सिंगटी चप्लेटी, बेनीस्वारा, गुमुखोला, कोशीखेत र मलेपु गरी पाँच स्थानमा सम्भाव्य ४४६५४० घनमिटर गिटी बालुवा मध्ये ४२६३७।५० घनमिटर असोज देखि जेष्ठ सम्म उत्खन्न गर्न सकिने भनी सिफारिस गरेको छ । सिंगटी, चिप्लेटी, बेनीस्वारा र गुमुखोला गरी तीन स्थानको २२२५२.५० घन मिटर गिटी बालुवा बागमती प्रदेश आर्थिक ऐन तोकेको प्रति घन मिटर २४.७ को दरमा रु ६२१०८९५।२७ लागत अनुमान स्विकृत गरी तीन प्याकेजमा ठेक्का लगाई क्रमसः सिंगटीको २६५५५०० –हिमाली वेक्ढुङ्गा वेनीस्वारकाको र गुमुखोलाको २६०४६५० –ईक्ङुङ कन्स्ट्रक्सन प्रा.लि. गरी रु ७१०११५० कुल आम्दानी भएकोमा सो राजश्वको १३% मुल्य अभिवृद्धि कर वापत ८१४४५० संघीय राजश्वमा र मू.अ.कर बाहेकको आम्दानी रु ६२८६७०० मध्ये बागमती प्रदेश विभागन्य कोषमा रु.२५०६००० जम्मा भई रु.३७८०७०० पालिकाको खुद आम्दानी भएको छ । गाउँपालिकाको मलेपु र कोशीखेतको २०३८५

घनमिटर प्राकृतिक स्रोत ठेक्का नलागेकोले प्रचलित दरमा मू.अ.कर सहित ५६८९६५७।३५ उपयोग हुन सकेन । सो स्थानको प्राकृतिक स्रातेकोचोरी निकासी हुन सक्ने तर्फ पालिकाले कुनै उपाय अवलम्बन गरेको देखिएन । ठेक्का सम्झौताको बुँदा नं. १५ मा तोकिएको परिमाण तोकिएको अवधि भन्दा अगावै ठेकेदारले संकलन गरेमा थप परिमाणका उत्खन्न गर्न नदिने भन्ने व्यवस्था छ । साथै बुँदा नं. १६ मा आ.ब. को अन्तको परिमाण शुन्य नभएमा समेत पालिकाले ठेकेदारबाट जफत गरी लिलाम बिक्री गर्नेछ भन्ने व्यवस्था गरेको देखिन्छ । माथि उल्लेख भएका शर्त बमोजिम पालिकाले अनुगमन गरी थप राजश्व संकलन गरेको प्रमाण भेटिएन साथै ठेक्का नलागेका दुई स्थानमा राजश्व चुहावटको सम्भावना समेत रहने देखिन्छ ।

७१ **विद्यालय निकासा रजिष्टर**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठिक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ ।ले तोकिएको पालिकाले ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको विवरणको स्पष्ट विवरण खुल्ने गरी यथार्थ विवरण राख्नुपर्नेमा निकासा अभिलेख राखेको छैन । अद्यावधिक निकासाको अभिलेख नराख्दा दोहोरो निकासा विद्यालयलाई जान सक्ने स्थिति छ । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनुपर्ने र भुक्तानी दिएको बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिष्टर खाता अद्यावधिक राख्नु पर्दछ ।

७२ **शिक्षक अभिलेख**

पालिकाले पालिका भित्र रहेका विद्यालयहरुको स्वीकृत दरबन्दी (राहत, करार समेत) विद्यालयमा शिक्षक पदपूर्तिको अवस्था, सरुवाको विवरण, अवकास विवरण तयार नगरेकोले निकासा भएको रकम वास्तविक भए नभएको भिडान गर्न सकिएन । पालिकाले विद्यालयबाट पेश गरेको माग फारामलाई मात्र आधार लिई तलब निकासा दिएको देखिएको हुँदा शिक्षक सरुवा, अवकाश भए पश्चात सम्बन्धित शिक्षकको तलब सुविधा रकम निकासा नभएको भनि भिडान गर्न नसकिएको हुँदा अभिलेख तयार गरी खर्चलाई प्रभावकारी बनाउनुपर्दछ ।

७३ **विद्यालय र विद्यार्थी संख्या**

पालिकाले तयार पारेको शैक्षिक सत्र २०८१ चैत्रको विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

| क्र.सं. | विद्यालयको किसिम | विद्यालय संख्या | विद्यार्थी संख्या |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | ४९ | ४६२५ |
| २ | संस्थागत विद्यालय | २ | ३२२ |
| | जम्मा | ५१ | ४९४७ |

उपरोक्त विवरण अनुसार पालिकाभित्रका ४९ सामुदायिक र २ संस्थागत सहित ५१ विद्यालयमा जम्मा ४९४७ जना विद्यार्थी अध्यनरत रहेकोमा सामुदायिकमा ४६२५ जना र संस्थागतमा ३२२ जना विद्यार्थी अध्यनरत रहेको देखिन्छ ।

७४ **सामुदायिक विद्यालयको दरबन्दी तथा पदपूर्ति**

आर्थिक वर्ष २०८१।८२ मा पालिका भित्रका ४९ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था देहाए बमोजिम रहेको छ ।

| विद्यालयको किसिम | दरबन्दी संख्या | स्थायी पदपूर्ती | पदपूर्ति मध्ये राहत/करार | रिक्त दरबन्दी |
|---|---|---|---|---|
| सामुदायिक | २७६ | १५२ | १२३ | १ |

उक्त विवरण अनुसार पालिकामा जम्मा २७६ दरबन्दी रहेकोमा १५२ जना स्थायी पदपूर्ति र १२३ जना राहत/करारमा नियुक्त गरी २७५ पदपूर्ति भइ १ पद रिक्त देखिन्छ। पालिकाले विद्यालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ति गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ७५ शिक्षक विद्यार्थी अनुपात

शिक्षा विभाग शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ मा गरिएको व्यवस्था अनुसार शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा १:४० पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ । पालिकाबाट प्राप्त २०८१ चैत्रको विवरण अनुसार पालिका अन्तरगतका केही विद्यालयको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

| क्र स | विद्यालयको नाम | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | बालोदय मा वि , डुसिखर्क | ९ | २८४ | १:३२ |
| २ | लापिलाङ मा वि , भिमसेनस्थान | १७ | ४३४ | १:२६ |
| ३ | कालिनाग मा वि. सिंगटी | १८ | ४८१ | १:२७ |
| ४ | दिव्यश्वरी मा वि , क्याम्पोल | ९ | २६८ | १:३० |
| ५ | निकोभूमे मा वि , बुर्सिङ्थली | १६ | ३१३ | १:२० |
| ६ | देउराली प्रा वि , देउपुरेथली | ४ | ८८ | १:२२ |
| ७ | ताम्राकौशिका आ वि , मलेपु | ८ | ७५ | १:०९ |
| ८ | जनता आ वि , तोरीखेत | ४ | ३० | १:०७ |
| ९ | पोखरे प्रा वि , पोखरे | ३ | १७ | १:०६ |
| १० | सेतीदेबी प्रा वि , तारेभिर | ३ | १९ | १:०६ |
| ११ | ताम्राकौशिका आ वि , मलेपु | ८ | ७५ | १:०९ |

पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गत रहेका ४९ वटा विद्यालयमा २७५ जना शिक्षक र ४६२५ जना विद्यार्थी रहेकोमा औषत शिक्षक विद्यार्थी अनुपात १:१७ रहेको छ । श्री बालोदय मा.विको शिक्षक विद्यार्थी अनुपात १:३२ रहेको छ भने श्री पोखरे प्रावि र सेतीदेबी प्रा.विको शिक्षक विद्यार्थी अनुपात १:६ रहेको छ । कार्यक्रम कार्यान्वियन कार्यविधि बमोजिम शिक्षक विद्यार्थी अनुपात मिलाउनु पर्दछ ।

## ७६ शिक्षक दरबन्दी मिलान र विद्यालय समायोजन

पालिकाको औषत शिक्षक विद्यार्थी अनुपात १:१७ रहेकोमा सार्वजनिक विद्यालय समायोजन एवं एकिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार संघीय कानूनले तोके बमोजिम विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य गरेको पाईएन । त्यसैले आवश्यकता र औचित्य समेतलाई विचार गरी प्रचलित कानून अनुसार विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान तर्फ सम्बन्धित निकायहरुले ध्यान दिनुपर्दछ ।

## ७७ समानीकरण अनुदानबाट शिक्षक तलब

पालिकाले शैक्षिक सुदृढीकरण अनुदान मार्फत् १२ सामुदायिक विद्यालयका १३ जना निजी स्रोतका शिक्षकको तलब भत्ता वापत यस वर्ष रु.५९,९१,९६० भुक्तानी गरेको छ । पालिकाले शिक्षकको आवश्यकता, शिक्षक विद्यार्थी अनुपात एवं विद्यालय समायोजन तथा दरबन्दी मिलानको कारबाही प्रभावकारी रुपमा संचालन नगरी विद्यालयबाट नियुक्त निजी स्रोतका शिक्षकहरुको तलब भत्ता भुक्तानी गर्नु मनासिव देखिएन ।

## ७८ प्रति विद्यार्थी लागत

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१/८२ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत |
|---|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट | २४३०४०००० | २०५३२३५४१ | ४६२५ | ४४३९४.८ |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको बाल विकास देखि कक्षा १२ सम्म प्रति विद्यार्थी लागत रु ४४३९४.८।- रहेको छ ।

### ७९ संस्थागत विद्यालयको छात्रवृत्ति

कालिन्चोक गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७५(संशोधन २०७९) को दफा ४५ (१) मा संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा १० प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिमका विपन्न अपाङ्गता भएका महिला दलित वा जनजाति जेहेन्दार विद्यार्थीलाई निशुल्क छात्रवृत्ति उपलब्ध गराउनुपर्ने छ ।त्यसरी प्रदान गरिएको छात्रबृत्तिको विवरण विद्यालयमा सार्वजनिक गरी उक प्रति कार्यालयमा समेत पठाउनु पर्ने उल्लेख छ।पालिकाले तयार पारेको शैक्षिक सत्र २०८१ को विवरण अनुसार संस्थागत विद्यालयमा अध्यनरत विधार्थी संख्या निम्नानुसार छन् ।

| क्र.सं. | विद्यालयको नाम | विधार्थी संख्या | छात्रवृत्ति प्राप्त गर्नुपर्ने विद्यार्थी संख्या | छात्रवृत्ति प्राप्त गरेका विद्यार्थी संख्या |
|---|---|---|---|---|
| १ | बस्नेत एकेडेमी बोर्डिङ स्कुल | २५१ | २५ | ३० |
| २ | सरस्वती बोर्डिङ स्कुल | १८६ | १९ | |

अत: पालिकाले संस्थागत विद्यालयले तोकिए बमोजिम विपन्न अपाङ्गता भएका महिला दलित वा जनजाती जेहेन्दार विद्यार्थीलाई निशुल्क छात्रवृत्ति उपलब्ध गराउनु पर्नेमा बस्नेत एकेडेमी बोर्डिङ स्कुलमा २५१ जना अध्ययनरत रहेको मा २५ छात्रवृत्ति उपलब्ध गराएको विवरण पेश भएकोमा सरस्वती बोर्डिङ स्कुलमा १८६ जना अध्ययन रत रहेकोमा १९ जना विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्नेमा छात्रवृत्ति उपलब्ध गराएको पाइएन ।अत: ऐनले तोके बमोजिम छात्रवृत्ति प्राप्त भए नभएको सम्बन्धमा पालिकाबाट अनुगमन गरी छात्रवृत्ति सुनिश्चित गर्नुपर्ने देखिन्छ ।

### ८० राष्ट्रपति रनिङ्गशिल्ड कार्यक्रम

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२७,९६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२५,०५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२७,४९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१६,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **३२,४७४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

### ८१ शैक्षिक गुणस्तर

पालिका अन्तर्गत रहेका विद्यालयहरुको २०८१ सालको एस.ई.ई. परीक्षामा जम्मा २६५ विद्यार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना देहाय बमोजिम रहेको छ ।

| क्र.स. | जिपिए | जम्मा सहभागी विद्यार्थी | उत्तिर्ण विद्यार्थी संख्या |
|---|---|---|---|
| | | | सामुदायिक |
| १ | ३.६१ - ४.०० | २६५ | ४ |
| २ | ३.२१ - ३.६० | | ३७ |
| ३ | ३.२१ भन्दा कम | | १३३ |
| | जम्मा | | १७४ |

उल्लेखित तालिका अनुसार पालिकाबाट २६५ जना विद्यार्थी एस इ इ मा सहभागी भएकोमा ४ जनाले ३.६१ - ४.०० जि.पि.ए. , ३७ जनाले ३.२१-३.६० जि.पि.ए., र १३३ जना विद्यार्थीले ३.२१ भन्दा कम जिपिए ल्याइ उत्तिण भएको देखिन्छ। सहभागी विद्यार्थी मध्ये ९१ जना अनुत्तिर्ण भएको देखिएको छ। सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु ४४३९४।– रहेकोमा सामुदायकि विद्यालयको शैक्षिक गुणस्तरमा थप सुधार गर्नुपर्ने देखिन्छ।

## ८२ सेनेटरी प्याड खरिद, वितरए तथा मौज्दात

१७३।०८२।०३।२० सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ मा विद्यालयले छात्रा विद्यार्थी लगत तयार गरी सम्बन्धित स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहले प्राप्त संख्याको आधारमा एक महिनामा एक छात्राले बढीमा १६ वटा सेनेटरी प्याड प्राप्त गर्ने गरी आवश्यक मात्रामा खरिद गरी सम्बन्धित विद्यालयको महिला शिक्षक वा कर्मचारीला्इ सम्पर्क व्यक्ति तोकी प्याड वितरण प्रक्रिया सुचारु गरी अर्को महिनाको ७ गतेभित्र सूचना पाटीमा विवरण टाँस्नुपर्ने व्यवस्था उल्लेख छ ।पालिकाले यस आ.व. मा विभिन्न १२ विद्यालयका कक्षा ५ देखि १२ सम्मका १२९१ जना छात्राका लागि २११२६ थान कूल रु. ९०७१५० (मु.अ.कर सहित) को स्यानिटरी प्याड खरिद गरेको देखिन्छ । सो सम्बन्धमा देखिएका व्यवहोराहरु निम्नानुसार छन् :

८२.१ विद्यालयहरुले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा पालिकाले वर्षान्तमा खरिद गरी मौज्दात राखेको देखिन्छ । तसर्थ कार्यक्रमको उद्देश्य अनूरुप समयमै स्यानिटरी प्याड खरिद गरी मासिक रुपमा नियमित वितरण हुनुपर्दछ ।

८२.२ खरिद भएका २११२६ थान स्यानिटरी प्याड विभिन्न विद्यालयमा हस्तान्तरण गरी सम्बन्धित विद्यालयले सेनेटरी प्याड वितरण भर्पाई पालिकामा पेश नगरेकोले वितरणको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,०७,१५० |

## ८३ निःशुल्क पाठ्यपुस्तक अनुदान

कार्यक्रम कार्यान्वयन कार्यविधि ०८१।८२ को क्रियाकलाप नं. २.४.६.२ मा पालिका भित्रका सामूदायिक विद्यालयमा कक्षा १ देखि १२ सम्ममा अध्ययनरत विद्यार्थीलाई विद्यालयले माग गरेको विद्यार्थी संख्या सहित रकमलाई ईमिसमा प्रविष्ट तथ्यांकसँग सामूदायिक विद्यालयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीको यथार्थ तथ्यांक सत्यापन गराई अनुदान दिने र यसरी अनुदान दिंदा पहिलो पटकमा चालु शैक्षिक सत्रको विद्यार्थी संख्याको ७५% संख्यालाई हिसाव गरी अनुदान दिने र शैक्षिक सत्रमा भएको नँया विद्यार्थी संख्याको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको भरपाईका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने तथा सुरुको ७५% निकासा रकम बचत हुन आएमा विद्यालयमा निकासा हुने अन्य शिर्षकको रकमबाट कटाई स्थानीय तहले हिसाब मिलान गर्नुपर्ने व्यवस्था उल्लेख छ । पालिकाले देहायका विद्यालयमा पाठ्यपुस्तकवापत निकासा गरेकोमा (नमुना परीक्षणका क्रममा) सम्बन्धित विद्यालयको ईमिस प्रतिवेदन, विद्यालयले पेश गरेको पाठ्यपुस्तक खरिद विल तथा विद्यार्थी भर्पाई परीक्षण गर्दा देखिएका व्यवहोराहरु निम्नानुसार छन् ।

८३.१ देहायका विद्यालयहरुमा निःशुल्क पाठ्यपुस्तकवापत निकासा गरेकोमा सम्बन्धित विद्यालयले पाठ्यपुस्तक खरिद विल तथा विद्यार्थीलाई पाठ्यपुस्तक वितरणको भर्पाई पेश नगरेकोले सोको प्रमाण पेश हुनुपर्ने अन्यथा निकासा वापतको रकम सम्बन्धित

विद्यालयले संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

| विद्यालयको नाम | निकासा रकम रु. |
|---|---|
| लापिलाङ्ग मावि लेप्टुङ्ग | २३१८२२ |
| सित्का मावि सित्का | ९५२५३ |
| जम्मा | ३२७०७५ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **३३,९४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१२,६४३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२,७८४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **११,८४८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२७,०७५ |

८३.२ देहायका विद्यालयहरुले विद्यालयमा भएको निकासा भन्दा कम रकमको पाठ्यपुस्तक खरिद गरेको तथा कम विद्यार्थीको भर्पाई पेश भएकोले बढि निकासा रकम सम्बन्धित विद्यालयबाट असुल गरी संघीय सञ्चित कोषमा दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु.

| विद्यालयको नाम | निकासा रकम रु. | विल पेश रकम रु. | बढि रकम रु. |
|---|---|---|---|
| जनता आवि तोरिखेत | १२१७७ | ७२५८ | ४९४९ |
| पोखरे प्रावि पोखरे | ४१४९ | १६९४ | २४५५ |
| सरस्वती प्रावि झमर्सि | ६१२९ | २७८४ | ३३४५ |
| | | जम्मा | १०७४९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,७४९ |

८४ **छात्रवृत्ति वितरण**

१६१।०८२।३।१७ आ.व. २०८१।०८२ शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वयन कार्यविधिको कार्यक्रम नं. ७.२.१.१ अनुसार विद्यालयलाई छात्रवृत्ति रकम निकासा दिंदा IEMIS अनुसार प्रविष्ट तथ्यांक सत्यापन गराई यकिन संख्याका आधारमा कक्षा १ देखि ८ सम्मका छात्रा तथा दलित छात्र,छात्राको लागि प्रति विद्यार्थी रु. ४०० तथा आधारभूत तहमा अध्ययनरत लक्षित समूहका विद्यार्थीलाई प्रति विद्यार्थी वार्षिक रु. ५०० का दरले हुने रकम निकासा दिने र यसरी निकासा दिएको रकम विद्यार्थीलाई वितरण गरेको भर्पाई पालिकामा पेश गर्नुपर्ने तथा रकम वितरण गर्न बाँकि भए पालिकामा निकासा फिर्ता गर्नुपर्ने व्यवस्था उल्लेख छ ।पालिकाले देहायका विद्यालयलाई IEMIS मा प्रविष्टि भएको विद्यार्थी संख्याको आधारमा निकासा दिएकोमा सम्बन्धित विद्यालयले छात्रवृत्ति अनुदान सम्बन्धित विद्यार्थीलाई वितरण गरेको भर्पाइ पेश नगरेकोले सोको प्रमाण पेश हुनुपर्ने रु.

| विद्यालयको नाम | निकासा रकम रु. | भर्पाई पेश नभएको रकम रु. |
|---|---|---|
| जल्पाश्वरी मावि ताराचौर | १३७०० | १३७०० |
| बालोदय मावि डुसिखर्क | ४०५०० | ४०५०० |
| महादेवश्वरी आवि कुसावती | १२५०० | १२५०० |
| जम्मा | ६६७०० | ६६७०० |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **३७,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२६,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **४३,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१६,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **४२,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१७,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **४८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१०,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **११,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६६,७०० |

८५ **दोहोरो भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **४८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

८६ **वडा भित्रको भत्ता वितरण कार्यवापतको भत्ता**

नेपाल सरकारले सामाजिक सुरक्षा प्रणालीलाई नागरिकको सहज र सुविस्ता लागी बैंकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण कार्य गर्दै आइरहेको अवस्थामा पालिकाका वडा नं १ देखि ६ सम्म आव २०८०।८१ को चौथौ त्रैमासिक तथा आव २०८१।८२ को प्रथम र दोस्रो त्रैमासिकको भत्ता वितरण कार्यमा संलग्न सही सम्बन्धित वडामा सामाजिक सुरक्षा वितरण गरे वापत सम्बन्धित वडाको वडा अध्यक्ष वडा सचिव तथा प्राविधिक कर्मचारीले सामाजिक सुरक्षा भत्ता वितरण कार्य गरे वापतको भत्ता भुक्तानी लिएको देखिएकोले सम्बन्धितबाट उक्त रकम असुल गर्नुपर्ने रु

| नाम | पद | दर कर बाहेक | संख्या | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| हेम बहादुर पाण्डे | वडा अध्यक्ष | १२७५ | ३ | ३८२५ | वडा नं २ मा सामाजिक सुरक्षा भत्ता वितरण वापत |
| दल बहादुर तामाङ | वडा अध्यक्ष | १२७५ | ३ | ३८२५ | वडानं ३ |
| सहदेव खड्का | वडा अध्यक्ष | १२७५ | ३ | ३८२५ | वडा नं ५ |
| धन सिंह कार्की | वडा सचिव | १२७५ | ३ | ३८२५ | |
| भरत पाण्डे | वडा अध्यक्ष | १२७५ | २ | २५५० | वडा नं ६ |
| जीत कुमार गजमेर | कार्यवाहक वडा अध्यक्ष | १२७५ | १ | १२७५ | वडा नं ६ |
| पदम बहादुर थामी | वडा अध्यक्ष | १२७५ | ३ | २५५० | वडा नं १ |
| दिपक खुलाल | वडा अध्यक्ष | १२७५ | ३ | ३८२५ | वडा नं ४ |
| जम्मा | | | | २५५०० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,५०० |

## ८७ सामाजिक सुरक्षा भत्ता

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५ सामाजिक सुरक्षा नियमावली २०७६, सामाजिक सुरक्षा भत्ता संचालन कार्यविधि २०७७ को प्रावधान वमोजिम गर्नु पर्ने व्यवस्था छ।यस आर्थिक बर्षमा पालिकाले देहायका लाभग्राहीलाई देहाय अनुसार लाभग्राहीको खातामा ई.एफ.टी गरी भत्ता वितरण गरेको छ।

| सि.नं. | सा.सु किसिम | प्रथम त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १ | जेष्ठ अन्य | २३२७ | २७७६४६०९ | २३४९ | २७९७७१४७ | २३७० | २८१४३१६७ | २३९८ | २८४४२५११ |
| २ | जेष्ठ दलित | ९७ | ७७४०६० | ९७ | ७६३४२० | ९९ | ७७९३८० | १०० | ७७६७२० |
| ३ | जेष्ठ एकल महिला | २१६ | १७२३६८० | २१३ | १६९७०८० | २०८ | १६५९८४० | २०२ | १६०१३०० |
| ४ | विधवा | ३०८ | २४४७२०० | ३१२ | २४७३८०० | ३१९ | २५२४६५९ | ३२४ | २५६४५८३ |
| ५ | पूर्ण अपाङ्ग | ६६ | ७६६०८० | ७२ | ८३८९६४ | ६० | ७०७१६१ | ७५ | ८७०७३० |
| ६ | अति अशक्त अपाङ्ग | १४३ | ८८३१२० | १४५ | ९२१४२४ | १४६ | ९२७८०८ | १५२ | ९५३३४४ |
| ७ | दलित वालवालिका | १०९ | १६५९९१ | १०४ | १५९५२४ | १०४ | १५५७२६ | १०२ | १५३२५७ |
| जम्मा | | ३२६६ | ३४५२४७४० | ३२९१ | ३४८३१३५९ | ३२९८ | ३४८९७४२२ | ३३५२ | ३५३६२४६५ |

## ८८ लगत कट्टा भएका लाभग्राहिको नाममा निकासा

सामाजिक सुरक्षा संचालन कार्यविधि २०७७ को दफा ११ मा कुनै लाभग्राहिको मृत्यु भएमा अथवा एकल महिला लाभग्राहिले विवाह गरेमा वा ऐन नियमावली वा कार्यविधि वमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहिको हकवाला वा प्रचलित कानून बमोजिमका सुचकले

सम्बन्धित स्थानिय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराई सम्बन्धीत स्थानिय तहको अभिलेखबाट नाम हटाउनुपर्ने लाभग्राहिको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालिबाट लगत कट्टा गरी स्थानिय तहको मूल अभिलेखमा समेत जनाउनुपर्ने व्यवस्था छ । साथै दफा १५ को उपदफा २ मा भत्ता खाईपाई आएको कुनै व्यक्तिको मृत्यु भएमा मृत्यु भएको दिन सम्मको भत्ता मृतकको नजिकको हकवालालाई भुक्तान दिने भनी उल्लेख छ । पालिकाले देहायका लाभग्राहिको खातामा लगत कट्टा पछीको रु.१७४४८२ लाभग्राहिको खातामा पठाएको हुँदा लगत कट्टा पछीको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **४,६६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **७,३३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **३,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **६,१३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **२०,२६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१२,६६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **९,७३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२६** को निर्णयले रू **१,३३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **६६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **२,९३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१,३३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **९,३३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१,३३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

**(विस्तृत विवरण बेरूजु दफा ८८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८४,३५२ |

## ८९ अन्य निकायको खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व नियमावली २०७७ को नियम ३९को उपनियम ५मा खर्चको भुक्तानी गर्दा खर्च पुष्टयाँई गर्ने भरपाई प्रमाण कागजात संलग्न गरी उपनियम १०बमोजिम रित पुगे पछि मात्र भुक्तानी गर्नु पर्ने तथा लेखा राख्दा लेखा प्रमाणित गर्ने बिल भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नु पर्ने उल्लेख छ ।कुनै पनि निकायको काम कर्तव्य र जिम्मेवारी र व्यावसाय अनुसारको कार्य सम्पादन गर्न सम्बन्धित निकायमा बजेट व्यवस्था गरिएको हुन्छ र व्यवस्था गरिनु पर्दछ । सुरक्षा निकाय, बैँक तथा वित्तीय संस्थाको जिम्मेवारी कर्तव्य र व्यवसायसँग सम्बन्धित विषयमा सहयोग लिएबापत भत्ता वितरण गर्नु मनासिब देखिँदैन । पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण प्रयोजन स्थलगत सहजीकरण गरेबापत निम्नानुसार बैँक तथा सुरक्षा निकाय कर्मचारीलाई दैनिक भत्ता वितरण गरेको पाईयो ।पालिकाले बैँकहरुसँग कारोबार गरिरहेको अवस्थामा निजहरुको व्यवसाय र सेवाग्राहीको सुविस्ताको लागि कार्यालय बाहिर गई सेवा प्रदान गरेबापत अतिरिक्त भत्ता लिनु दिनु मनासिव देखिँदैन । बैँक तथा वित्तीय संस्थासँग कारोवार गर्ने सम्झौता गर्दा नै यस्ता विषमा सम्झौतामा नै शर्तहरु राख्नु पर्दछ ।पालिकाले यस वर्ष भुक्तानी गरेका भत्ता रकम मध्ये नमुना परीक्षणबाट देखिएका केही उदाहरण निम्न छन्। अन्य निकायको खर्च व्यहोर्ने कार्य नियमसंगत नदेखिएको रु.

| सि नं | भौ नं मिति | कार्यालय | नाम | दिन | भत्ता रकम कर बाहेक | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ३२।२०८१।६।१८ २१६।२०८१।१०।२१ | नेपाल बैंक लिमिटेड | सूर्य बहादुर लामा | ६ | ७६५० | ०८०।८१ को चौथो त्रैमासिक मिति २०८१।४।२०- २६ २०८१।८२ को प्रथम त्रैमासिक समाजिक सुरक्षा भत्ता वितरण वडा नं १ देखि ६ दोस्रो त्रैमासिक २०८१।१०।१४ -२० |
| २ | | नेपाल बैंक लिमिटेड | सागर पौडेल | ७ | ८९२५ | |
| ३ | | नेपाल बैंक लिमिटेड | निर बहादुर श्रेष्ठ | ६ | ७६५० | |
| ४ | | नेपाल बैंक लिमिटेड | सूर्य नारायण यादव | ७ | ८९२५ | |
| ५ | | नेपाल बैंक लिमिटेड | श्याम थापा | ४ | ५१०० | |
| ६ | | नेपाल बैंक लिमिटेड | अजित कुमार सिंह | ४ | ५१०० | |
| ७ | | नेपाल बैंक लिमिटेड | एन्जल बुढाथोकी | ७ | ८९२५ | |
| ८ | | नेपाल बैंक लिमिटेड | कुमारी न्यौपाने | ५ | ६३७५ | |
| ९ | | नेपाल बैंक लिमिटेड | नेत्रलाल गौतम | ७ | ८९२५ | |
| जम्मा | | | | | ६७५७५ | |

| | |
|---|---|
| अनियमित भएको | ६७,५७५ |

९० **त्रीपाल वितरण**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **६८६,४७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

९१ **तलब बढी निकासा**

४१८।२०८२।२।९ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ नियम ३९ (१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । वडाबाट रु.२,५०,००० श्री वालोदय मावि अनुदान मा बजेट विनियोजन गरी २ जना शिक्षक नियुक्त गरी उक्त २ जना शिक्षकहरुको लागि तलब निकासाको कागजात पेश गरेकोमा परीक्षण गर्दा देहायबमोजिकको रकम बढी निकासा भएको देखिएकोले विद्यालयबाट असुल गर्नुपर्ने रु.

| शिक्षकको नाम | मासिक तलब | कार्यरत अवधि | निकासा हुनुपर्ने तलब | निकासा भएको | बढी निकासा |
|---|---|---|---|---|---|
| नेत्र थामी | १२००० | श्रावण देखि मंसिर ३ | ४९२०० | ४९२०० | ० |
| सिजाता जोशी | १२००० | श्रावण देखि फागुन २ | ८४८०० | ८४८०० | ० |
| ठकु थामी | १२००० | मंसिर ४ देखि बैशाख | ७०४०० | ७२००० | १६०० |
| राम दास तामाङ | १२००० | फागुन ३ देखि बैशाख | ३४८०० | ६०००० | २५२०० |
| जम्मा | | | | | २६८०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,८०० |

## ९२ **सोझै खरिद तथा टुक्रे खरिद**

सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरीद कार्य गर्न नहुने उल्लेख छ । त्यस्तै सार्वजनिक खरीद नियमावली २०६४ को नियम (३१) मा बीस लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको मालसामान खरीद गर्दा खुला बोलपत्रको माध्यमद्धारा खरीद गर्नुपर्ने व्यवस्था छ । खुला बोलपत्रको माध्यमवाट खरीद गर्दा बढी प्रतिस्पर्धा भई कम मुल्यमा सामान प्राप्त हुने हुन्छ । सार्वजनिक खरीद नियमावली २०६४ को नियम ७ मा प्याकेजिङ्ग तथा रिप्याकेजिङ्ग गरी ठेक्का सम्झौता गर्न सकिने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरीद ऐन २०६३ को दफा ६ मा उल्लेख भएअनुसार वार्षिक खरीद योजना तयार गरी आवश्यकता अनुसार खरीद विधि छनौट गरी प्रतिस्पर्धात्मक विधि अवलम्बन गर्नुपर्दछ । पालिकाले यस वर्ष कार्यालय सामाग्री, मेशिनरी औजार तथा फर्निचर सोझै खरीद गरी भुक्तानी गरेको देखियो।अत: खरिद कार्य गर्दा पारदर्शिता र प्रतिस्पर्धा सुनिश्चित हुने गरी खरिद गर्नुपर्दछ ।

| मिति | भौनं | विविरण | रकम | खर्च शिर्षक | फर्मको नाम |
|---|---|---|---|---|---|
| ०२/११/२०८१ | २५७ | छपाई खर्च - | ६, ४९ , ७५०.०० | सूचना प्रकाशन तथा छपाई | वल्ड वार अफसेट प्रेस एण्ड सप्लायर्स |
| २३/०३/२०८२ | ६७८ | कार्यालय सामान भुक्कतानी - | १, ६१ , २५१.०० | कार्यालय सामाग्री | |
| २३/०३/२०८२ | ६८० | स्वास्थय संस्थाको लागि र व<br>डा कार्यालयको लागि सरसफाइ सामान - | ३, ४९ , ६७८.०० | कार्यालय सामाग्री | महालक्ष्मी ट्रेडर्स एण्ड सप्लायर्स |
| २५/०३/२०८२ | ७२० | प्राविधिक शाखा फिल्ड सामानको भुक्तानी - | १, ४० , ९६७.०० | कार्यालय सामाग्री | |
| २०/०३/२०८२ | ६३९ | कार्यालय सन्चालन मसल्नद भुक्तानी - | ७, ४८ , ०९३.०० | कार्यालय सामाग्री | महालक्ष्मी ट्रेडर्स एण्ड सप्लायर्स |
| १३/०३/२०८२ | ५६१ | काार्यालय र वडा लगाायत | १, ३६ , ७३०.०० | कार्यालय सामाग्री | |
| ३१/१२/२०८१ | ३२२ | कार्यालय सामान भुक्तानी - | ३, ९१ , ४८८.०० | कार्यालय सामाग्री | ऐश्वर्य स्टेशनरी सेन्टर अर्डर एण्ड सप्लायर्स |
| ०२/११/२०८१ | २५८ | कार्यालथ सामान - | ४, ९५ , १८२.०० | कार्यालय सामाग्री | प्रार्थना ट्रेड कन्सर्न |
| १०/१०/२०८१ | २०७ | कार्यालय सामान खरिद बापतको रकम भुक्तानी - | ४, ९९ , ०३६.०० | कार्यालय सामाग्री | ऐश्वर्य स्टेशनरी सेन्टर अर्डर एण्ड सप्लायर्स |
| २५/०३/२०८२ | ७५८ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ३, ४६ , ०००.०० | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | |
| २०८२/०२/२९ | ५२३ | व्याकहोलोडर, स्क्यभेटर को मर्मत भुक्तानी - | १, ३३ , ०६१.०० | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | |
| १६/०३/२०८२ | ५८९ | स्काभेटर मेसिन मर्मत भुक्तानी - | ३, ७९ , ९९६.०० | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | के एंण्ड के मल्टी ट्रेडर्स |
| १७/०३/२०८२ | ५९१ | वडा कार्यालय, पालिकाको ल्यापटप , प्रिन्टर ,<br>कम्प्युटर लगाायत मेशनरी औजार मर्मत भुक्तानी - | २, ६९ , ३३६.०० | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | |
| ०८/१०/२०८१ | १९१ | ब्याकहोलोडर, स्क्याभेटर , टिपर टायर<br>लगायत मर्मब्याकहोलोडर , स्क्याभेट<br>र, टिपर टायर लगायत मर्मत भुक्तानी - | ४, २१ , ७०१.०० | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | |
| ०८/१०/२०८१ | १९९ | सिंगटीअस्पतालकोएम्बुलेन्स ५१७३ नं. | ५, ३८ , ४२१.०० | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | को फुल इन्जिनसहित पुरै गाडी मर्मत गरेको भुक्तानी - | | | |
| २०८२/०२/२९ | २१० | आयुर्बेद औषधालय भवनमा फर्निचरको भुक्तानी - | ३, ५१ , ७१२.०० | फर्निचर तथा फिक्चर्स | |
| १६/०३/२०८२ | २५८ | फर्निचर खरिद भुक्तानी - | ३, ५५ , २७२.०० | फर्निचर तथा फिक्चर्स | |

९३ **स्वास्थ्य तर्फको दरबन्दी तथा पदपूर्ति**

पालिकामा आर्थिक वर्ष २०८१।८२ मा संचालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ति र सेवा प्रवाहको अवस्था देहाए बमोजिम रहेको छ ।

| स्वास्थ्य संस्थाको किसिम | स्वास्थ्य संस्थाको संख्या | दरबन्दी | पदपूर्ती | | सेवाग्राहीको संख्या |
|---|---|---|---|---|---|
| | | | स्थायी | करार | |
| अस्पताल | १ | १२ | ६ | १४ | ५३७९० |
| स्वास्थ्य चौकी | ६ | ३६ | १३ | १९ | |
| आधारभूत स्वास्थ्य केन्द्र तथा सामुदायिक इकाई | ८ | १९ | ० | १९ | |
| जम्मा | १५ | ६७ | १९ | ५२ | |

उक्त विवरण अनुसार पालिकामा १ अस्पताल ६ स्वास्थ्य चौकी ८ आधारभूत स्वास्थ्य केन्द्र र सामुदायिक इकाई गरी जम्मा १५ वटा स्वास्थ्य संस्थाहरु रहेका छन । १५ स्वास्थ्य संस्थामा ६७ दरबन्दी स्वीकृत भएकोमा १९ स्थायी र ५२ करार गरी ७१ जना कर्मचारी मार्फत ५३७९० जना सेवाग्राहीलाई स्वास्थ्य सेवा प्रवाह गर्ने गरेको देखिन्छ ।

९४ **दोहोरो भत्ता**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ । देहायका कर्मचारीलाई पालिकाबाट ७५ प्रतिशत प्रोत्साहन भत्ता प्रदान गरेको अवस्थामा समेत थप मासिक रु. ६४०० का दरले नन प्राक्टिस भत्ता भुक्तानी गरेकोले दोहोरो भुक्तानी भएको भत्ता रकम सम्बन्धित कर्मचारीबाट असूल हुनुपर्ने रु.

| कर्मचारीको नाम र पद | नन प्राक्टिस भत्ता दर | भुक्तानी भएको महिना संख्या | भुक्तानी रकम रु. |
|---|---|---|---|
| मे. अ . चन्द्रभूषण सिंह | ६४०० | १२ | ७६८०० |

| असुल गर्नुपर्ने | ७६,८०० |
|---|---|

९५ **मेड्पा कार्यक्रम**

गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुंदा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु परल मुल्यको ५० प्रतिशत छुट मूल्यमा सहभागिहरुलाई विक्रि गर्ने तथा यसरी विक्रि हुन नसकेमा सम्भव भएसम्म विक्रि वितरण वा प्रचार प्रसारको लागि कोसेली घर सौगात गृह विक्रि कक्ष वा प्रदर्शनी स्थलमा पठाउने र पठाउँदा पनि विक्रि नभएमा विवरण सहित कार्यालयमा बुझाई ७ दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ । यसरी विक्रि पश्चात प्राप्त रकम कार्यालयले तोकेको राजश्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था उल्लेख छ । पालिकाले यस आ.व. मा देहायबमोजिमका सिप विकास तालिम कार्यक्रम संचालन गरी रु.४७९४०० भुक्तानी गरेकोमा के-कति समान वा वस्तुहरु उत्पादन भए र सो विक्रि भए वा भएन यकिन गर्न सकिएन । सो यकिन गरी ती वस्तु तथा सामानहरु विक्रि गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

| भौ. नं . र मिति | कार्यक्रमको नाम | कुल लागत रकम रु. | प्रयोगात्मक सामाग्री लागत रु. |
|---|---|---|---|
| ६१।०८१।१०।१० | अचार बनाउने तालिम | १५३४८० | १११३६५ |
| ७९।०८१।११।१ | किविको जाम जुस क्याण्डि र माडा बनाउने तालिम | १४४११५ | ९१४४० |
| ७२।०८१।१०।२८ | मौसमि बेमौसमी तरकारी खेती तालिम | १८१८०५ | १३३८१० |
| | जम्मा | ४७९४०० | ३३६६१५ |

९६ **कार्यालय हाजिरी अवधिमा भ्रमण भत्ता**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ ।देहायका कर्मचारीहरुको काजमा खटिएको अवधिको हाजिरी परीक्षण गर्दा सो अवधिमा कार्यालयमा उपस्थिति हाजिरी देखिएकोले नियम विपरीत बुझेको भ्रमण भत्ता रकम सम्बन्धित कर्मचारीबाट असुल हुनुपर्ने रु.

| शिर्षक | भौन र मिति | कर्मचारीको नाम | भ्रमण काज अवधि | हाजिरी मिति | बुझेको भत्ता रकम रु. | असूल हुनुपर्ने रु. |
|---|---|---|---|---|---|---|
| पालिका स्वास्थ्य | ३७।०८२।३।२२ | ईश्वर कुमार खड्का | ३।२०देखि ३।२४ र १२।१८ देखि १२।२२ | २ दिन र पुरै अवधि हाजिरि देखिएको | १४६०० | १०५०० |
| पालिका स्वास्थ्य | ३७।०८२।३।२२ | सन्देश महत्तो | १।२६देखि १।२९ | २ दिन हाजिरि | ५००० | २४०० |
| जम्मा | | | | | | १२९०० |

| असुल गर्नुपर्ने | १२,९०० |
|---|---|

९७ **बढि तलब भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ, प्रमाण, कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ ।पालिकाले देहायका कर्मचारीलाई राजिनामा तथा अवकास पश्चात समेत पुरै महिनाको तलब निकासा गरेकोले बढि निकासा भएको रकम असुल हुनुपर्ने रु.

| कर्मचारीको नाम | भुक्तानी भएको रु. | भुक्तानी हुनुपर्ने रु. | बढि भुक्तानी रु. | कैफियत |
|---|---|---|---|---|
| अ. न . मि . पाचौ मैना कु . खड्का | ४७८९४ | ४०१४९ | ७७४५ | निजको मिति ०८२।३।२७ देखि लागु हुनेगरी अनिवार्य अवकास भएकोमा असार महिनाको पुरै तलब भुक्तानी भएको |

| असुल गर्नुपर्ने | ७,७४५ |
|---|---|

९८ **नर्म्स विपरीत भुक्तानी**

अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०८१ को अनुसूची (११) सि.नं. १९(४) अनुसार सबै प्रकारका सिप, विकास, तालिम, गोष्ठि, सेमिनारमा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका स्रोत व्यक्ति तथा प्रशिक्षकको पारिश्रमिकमा सहायक स्तरको तालिममा गाँउपालिका स्तरमा कार्यपत्र वापत रु. ७०० र कक्षा सञ्चालन वापत रु. ६०० पाउने तथा अधिकृतस्तरको तालिममा गाँउपालिका स्तरमा कार्यपत्र वापत रु. १००० र कक्षा सञ्चालन वापत रु. ४०० पाउने तथा सम्बन्धित निकायले सञ्चालन गरेको तालिममा सोहि निकायको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिएवापतको पारिश्रमिक नपाउने तर कार्य पत्रको रकम मात्र पाउने उल्लेख छ । पालिकाबाट निम्नअनुसारका विभिन्न तालिम सञ्चालन गर्दा एउटै निकाय भित्रको कर्मचारीले तालिम सञ्चालन गर्दा

कार्यपत्र वापतको रकम मात्र र बाह्य प्रशिक्षक भए प्रशिक्षक भत्ता तथा कार्यपत्रको रकम भुक्तानी गर्नुपर्नेमा नर्म्स विपरीत बढि भुक्तानी गरेको देखिएकोले उक्त बढि रकम असूल उपर गरी दाखिला गर्नुपर्ने रु.

| भौन र मिति | कार्यक्रमको नाम | प्रशिक्षकको नाम | कक्षा संख्या | दिएको कूल रकम | दिनु पर्ने | बढि ( कर कट्टि पश्चात ) |
|---|---|---|---|---|---|---|
| ९५।०८२।१।२५ | मकैको कटिङ्ग फूल बनाउने तालिम | बा प्र रीमा कुमारी गाहा | १४ | २१००० | १८२०० | २३८० |
| | | बा प्र रीमा कुमारी गाहा कार्यपत्रको थप भुक्तानी | | १३०० | ० | ११०५ |
| जम्मा | | | | | | ३४८५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,४८५ |

## ९९ विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६१ बमोजिम श्रोत अनुमान तथा बजेट सीमा निर्धारण गरि बजेट अनुमान आन्तरिक आयको परिधि भित्र रहि औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले विविध खर्चमा रु १६ लाख ८० हजार बजेट विनियोजन गरेकोमा यस शीर्षकबाट यस वर्ष गाउँसभामा रु.१,६६,१६३।- र शाखागत कार्यक्रमको खाजा खाना तथा अन्यमा रु.६,९२,५१७।- र विभिन्न खेलकुद कार्यक्रममा रु. ८,१४,३५० गरी कुल रु.१६,७३,०३० ।- खर्च गरेको छ ।जुन आन्तरिक आय रु.३८,४८,६६७।- को ४३.४७ प्रतिशत हुन्छ । यस्तो खर्च गर्दा स्पष्ट खर्चको मापदण्ड निर्धारण गरि यस्तो खर्चमा नियन्त्रण गरिनु पर्दछ ।

## १०० सवारी साधन मर्मत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । पालिकाबाट प्राप्त विवरण अनुसार ८ वटा चार पाङ्ग्रे र १८ वटा २ पाङ्ग्रे सवारी साधन गरी २६ सवारी साधन मर्मत गरेबापत वार्षिक रु.४८,२०,९८३।- खर्च गरेको छ ।

## १०१ इन्धन खर्च

स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुबिधा सम्बन्धी ऐन, २०७७ को दफा ४(२) बमोजिम सवारी साधन उपलव्ध गराएकोमा अनुसूचीमा उल्लेख भए बमोजिम अध्यक्ष तथा उपाध्यक्षले मासिक ८० लिटर ईन्धन र ५ लिटर मोबिल त्रैमासिक, वडा अध्यक्षलाई मासिक २० लिटर ईन्धन र १ लिटर मोबिल त्रैमासिक पाउने उल्लेख छ । त्यस्तै प्रदेश सरकारको प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७ को दफा १७ अनुसार अनुसूची ४ बमोजिम कार्यालय प्रमुखले मासिक ७० लिटर र राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहका कर्मचारीले मासिक १० लिटर ईन्धन पाउने उल्लेख छ । पालिकाले यस वर्ष पदाधिकारी कार्यालय प्रयोजन/अन्य प्रयोजन समेत ८ वटा चार पाङ्ग्रे र १८ वटा दुई पाङ्ग्रे सवारी साधन सहित २६ सवारीको रहेकोमा ट्रिपरमा वार्षिक रु.४,२६,४००, स्कारपियोमा रु. ५,५७,६००, वोलेरोमा रु. ४,५९,२००,कृषि भ्यानमा रु. ४,१०,०००,२ वटा एम्बुलेन्समा रु. ६,५६,००० गरी रु.२५,०९,२००,१८ वटा दुइ पाङ्ग्रे सवारी साधनमा रु.३,६०,६२० र व्याक होलोडर, स्क्याभेटरमा रु. १७,३४,१८० विभिन्न सडक सरसफाइ गर्दा भएको खर्च समेत गरी बार्षिक रु.४६,०४,०००।- ईन्धनमा खर्च गरेको छ। पालिकाले ईन्धन खर्च सम्वन्धी मापदण्ड तयार गरी ईन्धन खर्चमा मितव्ययीता कायम गर्न उल्लेखित ऐन र खर्च मापदण्ड निर्देशिकाको पालना गर्दै सवारी लगबुक माईलेज,अभिलेख तथा मर्मतबाट बृद्धि भएको माईलेज समेतको आधारमा मितिव्ययीता कायम गरिनुपर्दछ।

## १०२ गाउँपालिकाको अनुगमन मूल्याङ्कन

क) कालिञ्चोक गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि, २०७८ को दफा (३) अनुसार अनुगमन तथा सुपरिवेक्षण समिति निर्माण गर्दा पालिकाको उपाध्यक्षको संयोजकत्वमा ५ सदस्यीय समिति रहने उउल्लेख भएकोमा प्राविधिक शाखाको प्रमुख/प्रतिनिधि सो समितिमा रहने व्यवस्था देखिएन । प्राविधिक कर्मचारी वेगरको समितिको पूवर्पाधार योजना अनुगमन

प्रभावकारी हुने देखिदैन ।

ख) सोही कार्यविधिको दफा ४ (क) मा गाउँपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रम अनुगमनका लागि वार्षिक कार्यतालिका तयार गरी कार्यपालिकालाई जानकारी दिने तथा ४(घ) मा अनुगमन सम्पन्न भएको दिन भित्र सोको प्रतिवेदन कार्यपालिकामा पेश गरी बैठकमा छलफल गर्ने व्यवस्था छ । पालिकामा यस सम्बन्धी अभ्यास भएको देखिएन । पालिकाले सञ्चालन गरेको ठेक्काहरुको अुनगमन प्रतिवेदन २०८२/३/२३ मा मात्र पेश भएको देखिएकोले नियमको परिपालना प्रभावकारी भएको देखिदैन ।

ग) दफा ४ को ४(ज) र ४(झ) अनुसार अनुगमन कार्यको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्षको अन्तमा कार्यपालिकामा पेश गर्न र श्रावण महिना भित्र वेभसाईटमा प्रकाशन गर्नुपर्ने व्यवस्था रहेकोमा सो सम्बन्धी प्रमाण लेखापरीक्षणको अवधि ३०८२/५/११ देखि २०८२/५/१८ सम्म पेश भएन ।

### १०३ आर्थिक वर्षको अन्तमा भवन निर्माण

यस पालिकाले आ.ब.२०८१/८२ मा संघीय सशर्त अनुदान तर्फको निकासाबाट प्राप्त बजेटबाट २०८२/१/२५ मा सम्झौता गरी वडा नं. २, ४ र ७ मा तीनवटा वडा स्वास्थ्य भवन निर्माणको लागि २०८२/३/१५ सम्माको समय सिमा दिईएकोमा क्रमसः २७,४५,७७६।४७, २७४६८८४।३२ र २६८६८६२।४६ मा तीनै वडामा रु .८१७९५२३।२५मा एकै मितिमा सम्झौता भई विन्ध्यवासीनी निर्माण सेवाको दुईवटा वडा र एस.जि.के. कन्स्ट्रक्सनलाई वडा नं. ७ को निर्माण कार्यमा सहभाष्तिा गराई ५० दिनको अवधिमा ढलान र मोर्टारको सामान्य क्युरिङ अवधि २८ दिन भन्दा पनि १२ दिनमा ढलान बाहेकको स्ट्रक्टर खडा गरी गुणस्तरीय निर्माण कार्य पुरा गर्न कठिनाई पर्ने देखिन्छ । भौ.नं. १२,१४ र १६ बाट २०८२/३/२३ मा तीन वटा वडाको भवनको भुक्तानी दिइएकोमा तीन वटा निर्माण व्यवसायीको ८०३६०१०।३५ वर्षान्तमा भुक्तानी दिदा सार्वजनिक खरिख नियमावलीको नियम १२४ अनुसार अन्तिम भुक्तानी दिनुअघि विल भरपाई, अन्य प्रमाण टेष्ट रिपोर्ट, नक्सा लगायत प्रमाण संलग्न गरेर भुक्तानी गर्नुपर्नेमा टेष्ट रिपोर्ट बेगर भुक्तानी गरेको देखिन्छ । यसरी वर्षानतमा सशर्त अनुदान फ्रिज हुन नहिन निर्माण सम्पन्न नहुदै भुक्तानी भएको देखिन्छ । यसरी निर्माण पुरा नहुदै २०८२/३/२३ को अुनगमन प्रतिवेदन सहित निर्माण पुरा नहुदै भुक्तानी दिने प्रकृया संलग्न पदाधिारकीलाई जिम्मेवार बनाउनु पर्दछ ।

### १०४ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिकाका ९ वडाबाट ५०८३ जना बेरोजगार सूचिमा सूचिकृत भएको मध्ये ८९ जनाले सञ्चालित २३ योजनामा यस वर्ष औसत ८४।९१ दिनले न्यूनतम ४३ देखि १०० दिनसम्म रोजगारी उपलव्ध गराई रु.६०२६८७२ श्रमिक ज्याला खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

### १०५ कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम

४२।०८२।३।२४ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्त्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ, प्रमाण, कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ ।पालिकाले कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम (फलफूल पशुपालन कृषि उपज व्यापार व्यवस्थापन) कार्यका लागि मिति ०८१।१२।२१ मा मिति ०८२।२।३० सम्म कार्यसम्पन्न हुने गरी आफन्त कृषि फर्म एण्ड रिसर्च सेन्टर प्रालिसँग पालिकाबाट रु.९,६०,००० र फर्मको तर्फबाट रु.४,९६,९०९.६५ को लागत सहभागिता हुने गरी भएको सम्झौतामा, सम्झौता बमोजिम प्रजनन् योग्य बाख्रा खरिद का लागि रु.४,४०,००० तथा बाख्रा पालनका लागि आवश्यक भौतिक निर्माणका लागि रु.९,३७,५०० गरी कूल रु. १३,७७,५०० को प्रस्ताव पेश भई सम्झौता भएकोमा आफन्त कृषि फर्म एण्ड रिसर्च सेन्टर प्रालिले बाख्रा खोर निर्माणको मात्र रु. १२,८६,६७९.१५ को कार्यसम्पन्न रिपोर्ट पेश गरी रु.९,४३,७५० भुक्तानी लिएकोले सम्झौता बमोजिम प्रस्तावना बमोजिमको बाख्रा, बोका, पशु दाना खरिद, घाँस काट्ने मेशिन खरिद लगायतका कार्य नगरी बाख्राको खोर निर्माण मात्र गरी

सम्झौता बमोजिमको सम्पूर्ण रकम भुक्तानी भएकोले बढि भुक्तानी भएको रकम आफन्त कृषि फर्म एण्ड रिसर्च सेन्टर प्रालिसँग असूल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,८७,५०० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : कालिन्चोक गाउँपालिका, दोलखा , कालिन्चोक गाउँपालिका , दोलखा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | पवन कुमार प्याकुरेल | २०८१-८-२० | २०८२-०९-१५ |
| कार्यालय प्रमुख | Sanjaya Shiwakoti | २०८२-०९-१६ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | बिर बहादुर बस्नेत | २०८१-०४-०१ | २०८१-०८-२० |
| लेखा प्रमुख | टिका राम ओली | २०७७-४-१ | २०८१-१२-१४ |
| लेखा प्रमुख | अनमोल हजरा | २०८१-१२-१४ | २०८२-०७-३० |
| लेखा प्रमुख | Nabin Basnet | २०८२-०८-०१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,२५८,९८८.६२ | २,०९९,७२३ | ५,८१८,८६६ | ० | ० | ६,८८३,६६६ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १७,०६१,२४३.६२ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | ७,७९३,४१५ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ९,२६७,८२८.६२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ८०६९६३८९.०४ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४०१०४३६४० | चालु खर्च | ३६४५४२६८७ |
| प्रदेश सरकारबाट अनुदान | ४५९४८००० | पूँजीगत खर्च | १४९६९८४३६ |
| राजश्व बाँडफाँट | १०४४८७५४१ | वित्तीय/अन्य व्यवस्था | २००४३७२०१.६८ |
| आन्तरिक आय | ३८४८६६७.१४ | | |
| अन्य आय | १७३०१५११७.१५ | | |
| कुल आय | ७२८३४२९६५.२९ | कुल खर्च | ७१४६७८३२४.६८ |
| बाँकी मौज्दात | | ९४३६१०२९.६५ | |

## अनुसूची - २

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची -३

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं./आर्थि सङ्केत | विवरण | टिप्पणी नं. | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | १०,५५,७६,०२१.३९ | ०.०० | १०,५५,७६,०२१.३९ | ९,७३,६६,२९०.६४ | ०.०० | ९,७३,६६,२९०.६४ |
| १३००० | अनुदान | | ४१,१७,४१,५७४.४४ | ०.०० | ४१,१७,४१,५७४.४४ | ४४,०६,३३,३१६.६३ | ०.०० | ४४,०६,३३,३१६.६३ |
| १४००० | अन्य राजस्व | | ५१,२८,३५३.६५ | ०.०० | ५१,२८,३५३.६५ | ५५,७४,८९९.७७ | ०.०० | ५५,७४,८९९.७७ |
| १५००० | विविध प्राप्ति | | २,२३,७९३.१२ | ०.०० | २,२३,७९३.१२ | ५९,०२०.०० | ०.०० | ५९,०२०.०० |
| क | **कुल जम्म प्राप्ति** | | ५२,२६,६९,७४२.६० | | ५२,२६,६९,७४२.६० | ५४,३६,३३,५२७.०४ | | ५४,३६,३३,५२७.०४ |
| ३ | चालु | | ३६,७५,७३,६०७.०० | ०.०० | ३६,७५,७३,६०७.०० | ३६,९४,२७,६१४.३३ | ०.०० | ३६,९४,२७,६१४.३३ |
| २१००० | पारिश्रमिक/सुविधा | | २६,०५,००,०४१.८४ | ०.०० | २६,०५,००,०४१.८४ | २५,८९,०४,९४०.८७ | ०.०० | २५,८९,०४,९४०.८७ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ६,६९,२२,६५३.५६ | ०.०० | ६,६९,२२,६५३.५६ | ८,७६,००,४१८.०६ | ०.०० | ८,७६,००,४१८.०६ |
| २५००० | सहायता (Subsidy) | | ३,३५,२५,९१७.६० | ०.०० | ३,३५,२५,९१७.६० | ५८,९६,४१३.०० | ०.०० | ५८,९६,४१३.०० |
| २६००० | अनुदान | | ०.०० | ०.०० | ०.०० | ८८,९०,५२९.०० | ०.०० | ८८,९०,५२९.०० |
| २७००० | सामाजिक सुरक्षा | | ५०,५०,२५४.०० | ०.०० | ५०,५०,२५४.०० | ६९,३०,९९६.०० | ०.०० | ६९,३०,९९६.०० |
| २८००० | अन्य खच | | १५,७४,७४०.०० | ०.०० | १५,७४,७४०.०० | १२,०४,३१७.४० | ०.०० | १२,०४,३१७.४० |
| ४ | पूंजीगत | | १४,९५,३५,७२८.२२ | ०.०० | १४,९५,३५,७२८.२२ | १४,८५,८१,१८४.७२ | ०.०० | १४,८५,८१,१८४.७२ |
| ३१११० | भवन तथा संरचना | | १,३९,५४,६५१.०० | ०.०० | १,३९,५४,६५१.०० | १,५२,६३,६१६.०० | ०.०० | १,५२,६३,६१६.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | २९,१२,४५६.४५ | ०.०० | २९,१२,४५६.४५ | ३,००,०००.०० | ०.०० | ३,००,०००.०० |
| ३११३० | अन्य पूँजीगत खच | | १,०३,४७,०५५.५३ | ०.०० | १,०३,४७,०५५.५३ | १८,५८,३३४.०० | ०.०० | १८,५८,३३४.०० |
| ३११४० | सुरक्षा उपकरण | | ३९,२४,०५५.०० | ०.०० | ३९,२४,०५५.०० | ०.०० | ०.०० | ०.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३११५० | सार्वजनिक निर्माण | | ११,१७,६३,२००.२४ | ०.०० | ११,१७,६३,२००.२४ | १२,५२,७८,२७४.७२ | ०.०० | १२,५२,७८,२७४.७२ |
| ३११६० | निर्मित संरचनाको सुधार खर्च | | १,००,०००.०० | ०.०० | १,००,०००.०० | ०.०० | ०.०० | ०.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | | ६५,३४,३१०.०० | ०.०० | ६५,३४,३१०.०० | ५८,८०,९६०.०० | ०.०० | ५८,८०,९६०.०० |
| ख) | **कुल जम्मा भुक्तानी** | | ५१,७१,०९,३३५.२२ | | ५१,७१,०९,३३५.२२ | ५१,८०,०८,७९९.०५ | | ५१,८०,०८,७९९.०५ |
| ग) | **बचत/कमी (ग= क-ख)** | | ५५,६०,४०७.३८ | | ५५,६०,४०७.३८ | २,५६,२४,७२७.९९ | | २,५६,२४,७२७.९९ |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | | (१७,२३,८८६.३९) | | (१७,२३,८८६.३९) | ५८,८०,०५४.४२ | | ५८,८०,०५४.४२ |
| घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाँकी | | (२८,१७०.००) | | (२८,१७०.००) | (४,८९,१६५.२६) | | (४,८९,१६५.२६) |
| ङ) | **यस आ.व को बगद तता बैंक मौज्दात (बचत/(कमी)) (ङ=ग + घ)** | | ३८,३६,५२०.९९ | | ३८,३६,५२०.९९ | ३,१५,०४,७८२.४१ | | ३,१५,०४,७८२.४१ |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | | ८,२८,१४,२७८.१७ | | ८,२८,१४,२७८.१७ | ५,१३,२०,२४३.५६ | | ५,१३,२०,२४३.५६ |
| छ) | **विनिमय नाफा/घाटा तथा अन्य समायोजन** | | | | | | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)** | | ८,६६,५०,७९९.१६ | | ८,६६,५०,७९९.१६ | ८,२८,२५,०२५.९७ | | ८,२८,२५,०२५.९७ |

## बेरूजु दफा २० सँग सम्बन्धित विवरण - अनुसूची -४

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | Upgrading Of Katuwachaur Chihandanda Lhoteping Bashnetgau Bhatere Chaur Sadak | KRM/NCB/Works/Dolakha/04/2081/082 | Prashika Construction & Suppliers Pvt. Ltd. Ltd, Tokha Kathmandu, | ४९९९६५८.४ | २६२६०७५.८ | ४५.४६ |
| २ | Upgrading of Gumbesi sadak, Ghattekhola namthali sadak and Lekharka teiskoti sadak (ward no.5) | KRM/NCB/Works/Dolakha/06/2081/082 | Siphle Construction and Suppliers Pvt. Ltd. | ६९९४२५७.३ | ३६१३९२८.४ | ४६.५१ |
| ३ | Upgrading of Patagau, Leptung and odare sadak | KRM/NCB/Works/Dolakha/07/2081/082 | Bhimeshwor Builders Pvt. Ltd. | ६९९९७९६ | ३७८३२६९.६ | ४४.०५ |
| ४ | Upgrading Of Yabalkhola Ward Karyalaya Office Dhupeni Sadak | KRM/NCB/Works/Dolakha/11/2081/082 | Shivance Drilling & Construction Company Pvt ltd Koteshwor -32 Kathmandu | ६९९९८३०.९ | ३६०१३००.७ | ४६.७४ |
| ५ | Singati Singati Primary Hospital Arukhoriya Setidevi Sadak Niramn And Ward Office Sanskritgram Sadak Nirman | KRM/NCB/Works/Dolakha/12/2081/082 | Turumala Builders And Company Pvt.Ltd Baiteshwor-05,dolakha | ६९९९८३०.९ | ३५७६१९९.८ | ४७.१२ |
| ६ | Koshikhet Chanaute Lifting Khanepani Yojana | KRM/NCB/Works/Dolakha/13/2081/082 | Kalinag Builders and Suppliers,Lokanthali,Bhaktpur | २७४९४६८.३ | १८८६५८४.३ | २९ |
| ७ | Pikhuti Paiyushwara Lifting Khanepani Yojana | KRM/NCB/Works/Dolakha/14/2081/082 | Singati Engineering Pvt.Ltd,Bigu -04, Dolakha | २७४९७६४.९ | २३६८१४६.५ | १०.८९ |
| ८ | Upgrading Of Soti Kalipokhari Kalinchok -8 | KRM/NCB/Works/Dolakha/15/2081/082 | Siphle Construction and Suppliers Pvt. Ltd. | २४९९२१५.८ | १३७५३७७.४ | ४३.०६ |
| ९ | Swamikorukh Mainalitol Khawasetol Rural Earthen Road maintenance work | KRM/NCB/Works/Dolakha/18/2081/082 | Avi Builders And Suppliers pvt.Ltd bhimeshwor municipality-2 Dolakha | २५००२२६.९ | १२२४९४७.३ | ४९.२९ |
| १० | Construction Of Laboratory And Library Block Of Kalinag Secondary School Sunkhani,Dolakha | KRM/NCB/Works/Dolakha/19/2081/082 | Safal Nirman Sewa Tamakoshi Dolakha | ९९९९०६०.५ | ५२१३४९९ | ४६.०४ |
| ११ | Building Construction Of Basic Health | KRM/NCB/Works/Dolakha/22/2081/082 | SGK Construction Kathmandu | ३८८५८६४.८ | २८८८६०५.५ | २३.०८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | Service Centre, Ward No: 7 | | | | | |
| १२ | Ward Variko Gogeto Bato Tatha Sidi Nirman ra Barabasshe Banaresi Dham Ma Masonary Wall Nirman (ward No.8) | KRM/SQB/Works/Dolakha/02/2081/082 | Kalinag Construction Pvt.Ltd tokha Kathmandu | १९९९३४५.३ | १६२८३७५.५ | १५.७२ |
| १३ | Banchare Dekhi Narme Samma Goreto Bato Dhalan | KRM/SQB/Works/Dolakha/04/2081/082 | Infra Abhayapur Construction & Suppliers, Bigu-04 Dolakha | ६९९९३८.३६ | ५८९५२३.७९ | १२.९७ |
| १४ | Shree Setidavi Balbikash Kendra Vaban Nirman, Oda Sewa Kendra Karyalaya Vaban Nirman | KRM/SQB/Works/Dolakha/05/2081/082 | Thingsang Construction & Suppliers Pvt.Ltd Bigu - 4 Singati | ९९९५३४.०७ | ९२०३२१.०६ | ४.७८ |
| १५ | Kaushika Khaptadi Sana Kishan Sahakari | KRM/SQB/Works/Dolakha/06/2081/082 | Thingsang Construction & Suppliers Pvt.Ltd Bigu - 4 Singati | १९९९७८४.४ | १४४६९२२.७ | २५.१४ |
| १६ | Ward Karyalaya Bhaban Nirman Ward No.7 | KRM/SQB/Works/Dolakha/07/2081/082 | Infra Abhayapur Construction & Suppliers, Bigu-04 Dolakha | ७९९४२९.०९ | ६३७०२८.०५ | १७.६२ |

## बेरूजु दफा ८८ सँग सम्बन्धित विवरण - अनुसूची -५

| क्र.सं. | वडा नं | लक्षित समूह | परिचयपत्र नं | नाम थर | ना.प्र.न | लगत कट्टाको | लगत कट्टा | लगत कट्टा | बढि दिन |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | कारण | लागु मिति | गरेको मिति | |
| १ | ४ | अन्य जेष्ठ नागरिक भत्ता | १९९४०७०८००५१४ | लाल बहादुर श्रेष्ठ | ४७९९३ | मृत्यु | २०८१।०९।२८ | २०८२।०३।०३ | ९१ |
| २ | ९ | अन्य जेष्ठ नागरिक भत्ता | २००११२३०५८३७८ | वुधविर थामी | ३५१०७१५ | मृत्यु | २०८१।०७।१० | २०८१।१०।१८ | ७९ |
| ३ | ६ | अन्य जेष्ठ नागरिक भत्ता | २००४१०१८००३१६ | पन्चु थामी | ९८१ | मृत्यु | २०८१।०९।०५ | २०८२।०२।१४ | ११४ |
| ४ | ९ | अन्य जेष्ठ नागरिक भत्ता | २०११०१०४०१८३९ | टिकामाया थामी | ५८५४ | मृत्यु | २०८१।०५।२९ | २०८१।०६।११ | ३० |
| ५ | १ | अन्य जेष्ठ नागरिक भत्ता | २००३०७०६००७४९ | जमुना थामी | २२९१९० | मृत्यु | २०८१।०९।२५ | २०८२।०२।१४ | ९४ |
| ६ | ८ | अन्य जेष्ठ नागरिक भत्ता | २००६०१२४००५६५ | महेन्द्र बहादुर खड्का | ७९६८९८० | मृत्यु | २०८१।०६।१७ | २०८२।०१।५ | १९२ |
| ७ | ८ | अन्य जेष्ठ नागरिक भत्ता | २००३१२३०२३३७८ | देउमाया विक | ७८३३।६९१ | मृत्यु | २०८१।१२।०५ | २०८२।२।२८ | २६ |
| ८ | ७ | विधवा | २०२९०५०२००५९८ | थिरमाया राउत | २२१०१७४५६ | मृत्यु | २०८१।१२।२१ | २०८२।०१।०३ | १० |
| | | जम्मा | | | | | | | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुन्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।